# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा सभ्यता र विकासको आधारशीला हो । गुणस्तरीय शिक्षाले नै बालकको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक,आर्थिक, सांस्कृतिक र नैतिक पक्षको विकासमा मद्धत पुऱ्याउँछ । शिक्षाले नै राष्ट्रको समुच्च विकासमा आवश्यक दक्ष, जनशक्तिको उत्पादन गर्दछ । बालकलाई विभिन्न प्रकारको अनुभव दिने र परिपक्क बनाउदै परिवार समुदाय र राष्ट्रका लागि उपयुक्त जनशक्तिको रूपमा प्रस्तुत गराउने काम शिक्षाको हो ।

आजको युगमा शिक्षालाई सर्वव्यापी जीवन पर्यान्त आधारभूत आवश्यकताको रूपमा लिइन्छ । सबै मुलुकमा शिक्षालाई सर्वव्यापी जीवन पर्यन्त आधारभूत आवश्यकताको रूपमा लिइन्छ । सबै मुलुकमा शिक्षालाई सर्वव्यापी सर्वसुलभ बनाउने प्रंयास गरिएको छ । मुलकको चौतर्फी विकासमा शिक्षाको मुख्य स्थान रहेको छ । सचेत, सक्षम नागरिकहरू नै सामाजिक तथा आर्थिक विकासका आधारशीला हुन् ।

विक्रम सम्वत २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षा क्षेत्रमा व्यापक रूपमा विकास भयो । वि.सं. २००७ सालमा नेपालमा ३२१ वटा प्राथमिक र ११ ओटा मात्र माध्यमिक विद्यालयहरू थिए । २०६३ सालमा आइपुग्दा २७५२५ वटा प्राथमिक  विद्यालय, ८,४७१ वटा निम्न माध्यमिक विद्यालय, र ५०३९ वटा माध्यमिक तहका विद्यालयहरू संञ्चालन भै रहेका छन (शिक्षा विभाग,२००५) ।

कुनै पनि विद्यालयको सफलता शिक्षकहरूको सिकाइ व्यवस्थापनमा कार्यकौशलता, दक्षता, सीप, योग्यता, लगनशीलता, इमान्दारिता, जागर, प्रतिभा जस्ता कुरामा भरपर्दछ । सिकाइ व्यवस्थापन अर्न्तगत कर्मचारी, शिक्षक व्यवस्था, तालिम अल्पकालिन तथा दीर्घकालीन प्रशिक्षण आदि पक्षहरू पर्दछन् भने भौतिक व्यवस्थापन पक्षसँग फर्निचर, भवन, कम्पाउण्ड, शैक्षिक सामग्री, जग्गा/जमिन लगायतका कुरा पर्दछन् । त्यसैले मानवीय संसाधनका र भौतिक व्यवस्थापनको उचित समन्वयले मात्र कुनै पनि संगठनको लक्ष्य प्राप्त गर्नलाई सकिन्छ ।

सामान्यतया : व्यवस्थापन भन्नाले संस्थाको उद्धेश्य प्राप्तीका लागि सीमित स्रोत र साधन को अधिकतम परिचालन गरेर त्यहाँ कार्यरत व्याक्तिहरुमा आफ्नो इच्छाले सहयोगात्मक र स्वभाविक प्रयत्नको विकास हुन सक्ने सकारात्मक वातावरणको सिर्जना गरेर संस्थाको फाइदालाई तोकिए को समयमा उच्चतम बिन्दुमा पुऱ्याउनु भन्ने बुझिन्छ  (शैक्षिक जनशक्ति विकास केन्द्र,२०६४)।

उपरोक्त कार्य सम्पन्न गर्नका लागि विद्यालय सेवा क्षेत्र भित्र बसोवास गर्ने  अभिभावकहरूमा शैक्षिक चेतनाको जागरण गरी छोरा, छोरीलाई विद्यालय भर्ना नियमित विद्यालय आउनेलाई प्रोत्साहित गर्ने काम गर्नु गराउनु पर्ने हुन्छ ।

विद्यालयको सिकाइ व्यवस्थापनमा गर्ने प्रमुख व्याक्ति शिक्षक हुने भएकोले विद्यार्थी र विद्यालयको सफलता र असफलतामा शिक्षकहरूको भूमिकामा निर्भर हुन्छ । तसर्थ सिकाइ व्यवस्थापनमा शिक्षकहरुको काम, कर्तव्य सिकाइ कार्यलाई जिम्मेवारी पूर्ण किसिमले पारदर्शीताका साथ प्रदान गराउन शिक्षकहरुलाई समय सापेक्ष तालिम प्रदान गरिनु नितान्त आवश्यक हुन्छ । विद्यालयमा सिकाइ क्रियाकलापलाई गतिशील बनाइ शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारीता ल्याउन विद्यालयको समग्र व्यवस्थापन पक्षलाई सुद्बढ बनाउन को लागि शिक्षकहरुको भुमिका सबै भन्दा ठूलो संबेदनशील र महत्वपूर्ण रहेको हुन्छ ।  नेपालको प्राथमिक तहको विगतलाई निहाल्ने हो भने प्राचीन समयमा गुरुकुल तथा धार्मिक संस्थाहरुमा परम्परागत शिक्षा प्रणालीको प्रभुत्व थियो । पछि वि.स.१९५७ सालमा देव शमशेरले सर्वसाधारणका लागि भाषा पाठशालाको व्यवस्था गरे । वि.स. १९१० मा जङ्गबहादुरले दरवार स्कूलमा अंग्रेजी प्राथमिक शिक्षाको स्थापना गरेको पाइन्छ । शिक्षालाई व्यवस्थित गर्न वि.स.१९९६ सालमा शिक्षा इस्तिहार जारी भयो । शिक्षालाई व्यवस्थित गर्न वि.स. २००७ साल पछि पनि खुलेका विद्यालय बनेका आयोगहरुले समेत प्राथमिक शिक्षालाई जोड दिदै आएको पाइन्छ । त्यस बेलाको सिकाइ व्यवस्थापन गर्ने जिम्मेवारी स्वयम समुदायले गर्ने प्रयासको थालनी भएको पाईन्छ (भट्राई , २०६५) ।

त्यसैले प्राथमिक विद्यालयमा आवश्यक स्रोतहरुको व्यवस्थापन मार्फत सबैका लागि शिक्षा प्रदान गरिनु अत्यावश्यक भैसकेको छ । त्यसैले शैक्षणिक व्यवस्थापनमा मानवीय संसाधान र स्रोत व्यवस्थापन कसरी कुन रुपमा भै राखेको छ । स्रोत व्यवस्थापनका समस्याहरु के के छन् भन्ने कुरामा केन्द्रित हुनु आवश्यक छ ।

नेपालमा राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले पहिलो पल्ट शैक्षिक व्यवस्थापनको पक्षलाई उजागर गरेको पाइन्छ । यसले शिक्षक तालिमलाई जोड दिदै तालिम प्राप्त र योग्य शिक्षक छनौट गरी सिकाइ व्यवस्थापन गर्नु पर्ने कुरामा जोड दिएको छ । शैक्षिक जनशक्ति विकास केन्द्र २०५०, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग को प्रतिवेदन २०५५, र शिक्षा सम्बन्धित उच्चस्तरीय कार्य समितिको प्रतिवेदन २०५८ ले सिकाइ व्यवस्थापनका पक्षलाई नीतिगत रुपमा नै समेट्न सुझव दिएकाछन् (शर्मा, २०५९) ।

शिक्षण सिकाइलाई प्रभावकारी बनाउनमा मानवीय, आर्थिक, भौतिक र अन्य पक्षको व्यवस्थापनमा ध्यान दिनुपर्छ । व्यवस्थापनको अभावमा प्राथामिक विद्यालयहरुमा सिकाइ व्यावस्थनपन सहज ढंङ्ले अगाडि बढ्न सक्दैन ।

शिक्षा नियमावली, २०५९ ले कक्षाकोठाको उचाइ ९ फिट तथा घामपानी बाट बचाउ हुने किसिमको हुनुपर्दछ । कक्षागत क्षेत्रफल ०.७५ वर्ग मिटर भन्दा कम नहुनु विद्यार्थी संख्याको आधारमा डेक्स/बेन्चको व्यवस्था, कम्पाउण्ड, भलिबल र फुटबल खेल्ने चउर, प्राथमिक उपचारको व्यवस्था विद्यालयहाता कम्पाउण्ड वाल गरिएको हुनुपर्ने कुराहरु को व्यवस्था नियमावलीले गरेको छ ।

कुनै पनि देशको विकास तथा समुन्नतिको गुणस्तर शिक्षामा नै निर्भर गर्दछ । घरलाई मजवुद बनाउन, त्यसको जगलाई बलियो बनाउनु परे जस्तै कुनै पनि व्यक्तिलाई असल, सुसंस्कृत अनुशासित, सीपयुक्त, दक्ष र शिक्षित बनाउन उसको प्राथमिक तहको शिक्षालाई राम्रो र स्तरीय बनाउनु पर्दछ ।

गुणस्तरीय जनशक्तिले नै देश विकासको आधार प्रदान गर्ने भएकोले, शैक्षिक जनशक्ति उत्पादन गर्ने कार्यमा शिक्षाको प्रमुख भूमिका रहदै आएको छ । यही कुरालाई मनन गरेर सरकारले आफ्नो कुल बजेटको ठूलो प्रतिशत अंश शिक्षा क्षेत्रमा छुट्याएको छ भने प्राथमिक तहमा उक्त अंशको धेरै प्रतिशत छुट्याई प्राथमिकता दिदै आएको छ ।

विद्यालय शिक्षा प्रणालीलाई व्यवस्थित गर्न राष्ट्रिय आयोगको प्रतिवेदन २०४९ ले राज्यको कुल बजेटको १५% शिक्षामा छुट्याउनु पर्ने, त्यसको ५५% प्राथमिक तहमा खर्च गर्नु पर्ने, त्यसैगरी कुल ग्राहस्थ उत्पादनको २.७% खर्च शिक्षामा हुँदै आएको पाइन्छ (खनाल,२०६४) ।

यसै गरी सरकारले सर्वसुलभ ढङ्गले सवै बालबालिकाहरूलाई प्राथमिक शिक्षा प्रदान गर्ने प्रतिवद्धता जनाइ सकेको छ । यस्तो परिप्रेक्ष्यमा शिक्षकले विधालयको शैक्षणिक व्यवस्थापन गर्न खेलेको भूमिकाले पु¥याउन सकेको सहयोगको अवश्था अध्ययन गर्न यस अनुसन्धानात्मक कार्यलाई छनौट गरी यसमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा सिकाइ व्यवस्थापनमा रचनात्मक कार्य अगाडि बढाउन आवश्यक देखिएको छ ।

### १.२ समस्याको कथन

नेपालका अधिकांश विद्यालयहरूले सिकाइ व्यवस्थापनको समस्या भोगिरहेकाछन् प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरू तालिम प्राप्त, दक्ष र बालमनोविज्ञान बुझ्ने हुनु जरूरी हुन्छ ।

कतिपय विद्यालयहरूमा आवश्यक शिक्षकहरूको व्यवस्था छैन । भौतिक सुविधाको अभावमा खुल्ला चौरमा पढाउनु पर्ने अवस्था छ । विद्यालयमा शिक्षक, कर्मचारी व्यवस्थापन विषयमा गम्भिर

रूपमा उठेका प्रश्न विद्यमान अवस्थामा छ शिक्षकहरूको सेवाशर्त र सुविधामा भिन्नता छ । कतिपय शिक्षकले अधिक कक्षा भार व्यहोरीरहेकाछन् । यी समस्याहरू सिकाइ व्यवस्थापन भित्र रहेकाछन् । प्राथमिक तहमा पढ्न आउने विद्यार्थीहरू नियमित विद्यालय आउदैनन् । बिचमा नै कक्षा छाड्ने जस्ता कारणले सिकाइ उपलब्धि न्यून हुदै गएको छ ।

विद्यालयमा मानवीय, आर्थिक, भौतिक व्यवस्थापनमा स्रोत जुटाउन उचित प्रबन्ध हुन सकेको छैन । यस समस्याका चुनौतिहरू के के छन् ? के यी सबै समस्याहरू बीच अध्यापन गर्दा गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ? यी सबै पक्षलाई समेटेर यो अध्ययन गरिएको छ ।

विद्यालय जाने उमेरका बालबालिकाहरू किन विद्यालयमा आउन सकेका छैनन् ? आएर पनि किन बीचमा विद्यालय छाडेर जान्छन् ? नियमित रूपमा अध्ययन गरे पनि किन परीक्षामा अनुतिर्ण हुन्छन ? यी सबैका कारण विद्यार्थी वा निजको अभिभावक दोषी नभएर विद्यालय स्वंय पनि जिम्मेवार हुन सक्छ । सिकाइ व्यवस्थापनको नेतृत्व पाएका शिक्षकहरू तालिम अप्राप्त भएर हो वा तालिम प्राप्त शिक्षक भएर पनि तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न नसकेर हो, अथवा सरकारबाट बनाइएको नीति नियममा परिमार्जन नगरिएर हो वा सरोकारवालाहरूबाट सहयोग र समर्थन नपाएर हो ? यी कारणहरू पत्ता लगाएर समाधानका उपायहरू प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

शिक्षा व्यक्तिले प्राप्त गरेको अनुभव, सीप र मनोवृतिको समुच्च रूप हो । शिक्षा प्राप्तीको क्रममा परिश्रम, लगनशीलता र सक्रियता खर्च भएको हुन्छ । यस प्रकार शिक्षा व्यक्तिको लागि सम्पति वा धितो सरह हुनुपर्छ । उसले कुनै आर्थिक प्रतिष्ठाको धितोपत्र झै शिक्षालाई प्रयोग गर्नु सक्नुपर्छ । शिक्षा बहुआयमिक जीवनपयोगी, गुणस्तरिय समय सापेक्ष हुनुपर्छ । बालवालिकाको दैनिक व्यवहारमा आइपर्ने साधारण सुनाइ, बोलाइ, पढाइ, लेखाइ तथा गणित सम्बन्धी सीपको विकास गराउन सिकाइ व्स्थापनको आवश्यकता हुन्छ ।

औपचारिक तहको पहिलो खुड्किलो प्राथमिक तहलाई सक्षम, सुदृढ, व्यवस्थित, गुणस्तरीय प्रभावकारी बनाएको खण्डमा मात्र यस भन्दा माथिकाा तहहरू मजबुद हुदै जान्छन । शिक्षकको पेशागत कार्यकुशलतामा अभिवृद्धि गरी शिक्षण कार्यमा प्रवाभकारिता ल्याउन सरकारले शैक्षिक जनशक्ति विकास केन्द्र तथा दुर शिक्षा केन्द्र बाट १० महिनाको तालिम दिदै आएकोछ । प्राथमिक विद्यालयको सिकाइ व्यवस्थापनमा वास्तविकताको खोजगरी शैक्षिक तथा भौतिक व्यवस्थापनमा शिक्षकको काम, कर्तव्य, भूमिका हरूको पहिचान गराउन साथै प्राथमिक तहमा गुणस्तरिय शिक्षा दिन शिक्षाको पहुँच सवैमा पुऱ्याउन जनचाहना अनुसार विद्यालय स्थापना गर्न, प्राथमिक शिक्षालाई निःशुल्क गर्न, दलित तथा

अपाङ्ग भर्नादर बढाउन, निःशुल्क पाठ्यपुस्तक वितरण गर्न यस शोधपत्रले सहयोग पुऱ्याउने भएकाले औचित्य हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका लागि निम्न अनुसारको उद्देश्यहरू राखिएका छन् :

क) शैक्षणिक व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु ।

ख) प्राथमिक विद्यालयको पठन पाठनमा नियमितताको खोजी गर्नु ।

ग) विद्यालयको शैक्षणिक व्यवस्थापनका समस्या र चुनौतिहरू पत्ता लगाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

१. प्राथमिक विद्यालयहरूको सिकाइ व्यवस्थापनमा वास्तविक स्थिति के छ ?

२. प्राथमिक विद्यालयका शिक्षकहरूको काम, कर्तव्य, र अधिकारहरू केके हुन ?

३. प्राथमिक विद्यालयका शिक्षकहरूले के कस्ता समस्याको सामना गर्नु पर्छ ?

४. प्राथमिक तहको शिक्षकहरूको भूमिका अझ सशक्त पार्न के कस्तो गर्नुपर्छ ।

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन प्राथमिक विद्यालयहरूको शैक्षणिक व्यवस्थापनको वर्तमान अवस्था, शिक्षकहरूको समस्या र चुनौति पठनपाठनको नियमितताको कक्षाकोठाको सिकाइ व्यवस्थापनको अध्ययनमा मात्र सिमित रहने छ । अनुसन्धानको क्रममा सिमित साधन, समय र स्रोतका दृष्टिले जिल्ला भरिका सबै विद्यालयहरूको अध्ययन गर्न कठीन हुने भएकोले यसलाई मोरङ जिल्ला अन्तर्गत सौठा स्रोत केन्द्रका ३० वटा विद्यालय मध्ये ६ वटा सामुदायिक विद्यालय र सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, स्रोत व्यक्तिमा मात्र सीमित गरिएको छ । यस भित्र पनि प्राथमिक विद्यालय खण्ड मात्र अध्ययनलाई सीमित गरिएको छ।

## १.७ परिभाषा र महत्वपूर्ण शब्दहरु

प्राथमिक विद्यालय : कक्षा १-५ सम्मको शिक्षा प्रदान गर्ने निकाय ।

सामुदायिक विद्यालय : नेपाल सरकार बाट नियमित रूपमा अनुदान पाउने स्वीकृत विद्यालय

स्रोत व्यक्ति : सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरूको कार्यकुशलता वृद्धि गर्न आवश्यक राय सुझाव दिने व्यक्ति ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययनको यस खण्डमा सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाकाको अध्ययन गरिएको छ । यसलाई सरल र व्यवस्थित गर्न दुई खण्डमा विभाजन गरी पहिलो सम्वन्धित साहित्यको पुनरावलोकन र दोस्रो सैद्धान्तिक खाकामा अध्ययन गरिएको छ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकारी,(२००९) का अनुसार प्राथामिक विद्यालयमा स्रोत परिचालनको प्रकृया, समस्या, चुनौति र मुद्दाको पहिचान गर्ने मुख्य उद्धेश्य राखी गरिएको यो शोध सिक्किम को खोम्दोङ् गा.वि.स. का २ वटा प्राथमिक विद्यालयमा सूचना संकलन गरिएको छ । प्राथामिक विद्यालयमा अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यालय प्रशासकको रुपमा स्रोत परिचालन सम्बन्धि ज्ञान कमि रहेको र त्यसले गर्दा शैक्षिक उपलब्धि सफलता प्राप्त गर्न नसकेको औल्याएको छ । विद्यालयसँग स्रोत हुँदाहुदै पनि समुदायको विधालय प्रतिको उदासिनताका कारणले उच्चतम् परिचालन हुन नसकेको तथ्य समेत उल्लेख गरेको छ भने विधालयका प्रधानाध्यापक,शिक्षक समेतले तालिम नलिएका कारण विधालयको स्रोत परिचालन हुन नसकेको देखिन्छ । यसैगरी विद्यालय-समुदाय सम्बन्ध सुमधुर बनाउनु पर्ने, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका सदस्यलाई स्रोत व्यवस्थापन तालिम प्रदान गर्नु पर्ने तथा शिक्षकहरुलाई क्षाकोठाको प्रभावकारी व्यवस्थापन सम्वन्धी तालिम दिनु पर्ने सुझाव प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ ।

विद्यालयमा प्रदान गरिने शिक्षा गुणस्तरीय तथा प्रभावकारी हुनका लागि शिक्षक सबल भएमात्र पाठ्यक्रमले निदृष्टि गरेका उद्धेश्य हासिल गर्न सकिन्छ । यसका लागि अभिभावक व्यवस्थापन समिति प्रधानाध्यापक, शिक्षकहरुले स्रोत व्यवस्थापनमा ध्यान दिन जरुरी छ । कुसल सिकाइ् व्यवस्थापनले मात्र शैक्षिक क्षति कम गरी शिक्षामा गरेको लगानिको उचित प्रतिफल प्राप्त गर्न सकिन्छ । यसका लागि विद्यालय-समुदायको सम्बन्ध सुमघुर बनाई सरोकारवाल सबैलाई तालिम को व्यवस्था गरी, प्रभावकारी कक्षाकोठामा शिक्षण गर्नु आवश्यकता छ ।

भट्राई, (२०६५) ले गरेको विद्यालयको स्रोत परिचालन सम्बन्धी अध्ययनमा समुदायमा हस्तान्तरित विद्यालयमा खानेपानी, कक्षाकोठा, खेलमैदान, शौचालय (छात्र/छात्रा) समस्या, कालोपाटी नभएको आम्दानीको मुख्य स्रोत सरकारी अनुदान मात्र रहेको तथा अधिकांश रकम शिक्षकको तलब भत्ता र प्रसासनिक कार्यमा खर्च हुने गरेका तथ्याङक प्रस्तुत गरेकाछन । यसै गरी स्रोत व्यवस्थापनको चुनौतिहरुमा विद्यार्थी शुल्क उठाउन कठिनाइ, कमजोर आर्थिक अवस्थाका अभिभावक, दिगो आर्थिक स्रोतको अभाव, स्थानीय निकाय र संघ संस्थाको सहयोग निरन्तर नहुनु, आदि रहेका उल्लेख गरेका छन ।

यी विद्यालयहरुमा सिकाइ व्यवस्थापन र परिचालन का लागि आयवृद्धि कार्यक्रम संञ्चालन गर्नु पर्ने सुझव समेटिएको छ ।

उक्त अध्ययनमा संकलित तथ्याङ्कको विश्लेषण र व्याख्या सरल पद्धति अपनाई गरिएको छ । अधिकांश प्राथमिक विद्यालयहरूमा न्यूनतम भौतिक र आर्थिक अवस्थाले उपयुक्त शैक्षिक वातावरण सिर्जना हुन सकको छैन । शिक्षक दरवन्दी कम हुन र दरवन्दीमा भएका शिक्षकहरू पनि नियमित विद्यालयमा आइ पठनपाठन नगर्दा नकारात्मक प्रभाव पर्न गएको देखिएको छ ।

विष्ट,(२००४) का अनुसार अधिकांश विद्यालयहरूमा आवश्यक मात्रामा शिक्षकहरू उपलब्ध छैनन् । उपलब्ध भएको शिक्षकहरू मध्ये पनि कतिपय तालिम अप्राप्त छन् । तालिम प्राप्त शिक्षकले पनि तालिमबाट सिकेका ज्ञान, सीपलाई पूर्णरूपमा लागू गर्न सकेका छैनन् । धेरै जसो विद्यालयमा विद्यार्थीहरू नियमित रूपमा उपस्थित नहुने गरेको पाइयो । विद्यालयमा प्र.अ. र शिक्षकहरूको उपस्थिति (समय तालिका) १०:०० देखि ४:०० बजे अनुसार चल्ने गरेको पाइएन । सिकाइ व्यवस्थापनमा न त प्र.अ. तथा शिक्षकहरूले नै सक्रियता देखाए । विद्यालय भवन अध्ययन गरिएको क्षेत्रमा अनुकुल अवस्था रहेको पाइदैन । करिब ९१% विद्यालय भवनहरू विद्यार्थीका लागि उपयुक्त नभएको उल्लेख गरेका छन् । यसै गरी अधिकांश (६०.९%) विद्यालयका छानो चुहिएर शिक्षण कार्य प्रभावित हुने गरेको छ । (३१.५८%) विद्यालयहरूमा कालोपाटी समेत नभएको, ३८.४६% विद्यालयमा विद्यार्थीका लागि कक्षा कोठामा प्रर्याप्त ठाँउ नभएको, ७६.९२% विद्यालयमा शौचालय, खेल मैदानको छुट्टाछुटै व्यवस्था नभएको, ८४.३२% मा शुद्ध खानेपानीको अभाव रहेको तथ्य प्रस्तुत गरेकाछन् ।

शिक्षालाई जीवन उपयोगी बनाउन विद्यालयको विद्यमान शैक्षिक, भौतिक, आर्थिक सहित सम्पूर्ण व्यवस्थापनमा सुधार ल्याउन आवश्यक देखिन्छ । देशमा विद्यमान निरक्षरता हटाई गुणात्मक शिक्षाको विकास गरी भावी चुनौतिको सामना गर्न सक्नुपर्छ । यी सबै कुराको उद्‍गम स्थलको रूपमा रहेको प्राथमिक शिक्षालाई नेतृत्व गर्ने शिक्षकमा पेशागत क्षमता र दक्षता अभिवृद्धि गर्नु आजको प्रमुख आवश्यकता हो । कुल वजेटको १७ प्रतिशत रकम शिक्षामा लगानी गरिएता पनि कतिपय बालवालिकाहरू विद्यालय पढ्न नआउनु, पढ्न आएका विद्यार्थी पनि कतिपय विचैमा पढाइ छाड्नु जस्ता नकारात्मक प्रभावहरू परेको देखिन्छ । देशमा शैक्षिक क्षति न्यून गर्न भौतिक र शैक्षिक व्यवस्थापन प्रभावकारी हुन आवश्यक छ ।

सेरिड, (२००२) को प्रतिवेदनले प्राथमिक विद्यालयमा हुने कुल खर्च मध्ये करिब ८०% खर्च शिक्षकको तलब भत्तामाहुने,९% विद्यालय मर्मत तथा फर्निचरमा हुने, ३% खर्च स्टेशनरी र शैक्षणिक

सामग्रीको खरिदमा खर्च हुने, २% अतिरिक्त क्रियाकलाप र छात्रवृत्तिमा हुने र बाँकी ६% अन्य कार्यक्रम खर्च गरिने उल्लेख गरेको छ ।

उक्त प्रतिवेदनले अधिकांश सामुदायिक विद्यालयहरूले प्राप्त अनुदान रकमलाई शिक्षक तलब भत्ता र स्टेशनरीमा खर्च गरिने कुरा उल्लेख गरेकाछन् । यसै गरी प्रतिवेदनमा शौचालयको सुविधा नभएको,शुद्ध खानेपानीको उचित प्रवन्ध नभएको, सिकाइका लागि आवश्यक कालोपाटी नभइ एक अर्को कोठामा साटफेर गरी प्रयोग गर्दछन् । कक्षा कोठामा प्रकाशको व्यवस्था तथा भेन्टीलेशनको अवस्था सन्तोषजनक नभएको समेत कुरा प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपालका शिक्षकहरूले विशिष्टिकरण तालिकाको कम प्रयोग, प्रश्नपत्र र परीक्षा प्रणालीमा सुधारको प्रयत्न नै नगर्नु ,बार्षिक परीक्षामा धेरै विश्वास गर्ने पुरानै परिपाटी रहेको छ । तर निरन्तर विद्यार्थी मूल्याङ्कन विधिको माध्यमबाट बालवालिकामा भएको सिकाइउपलब्धि वा अवस्था बारे अभिलेख राखिने भएको हुँदा, उनीहरूको सिकाइ अवस्था थाहा हुन्छ । पृष्ठपोषण प्रर्याप्त दिन सकिन्छ । समस्याको उपचार तत्काल गरी कमिकमजोरी हटाउन सकिन्छ । शिक्षणमा सहजता ल्याउन विद्यार्थी केन्द्रित विधि वा रचनात्मक मूल्याङ्कन विधि आवश्यक हुन्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

पेस्तालोजी,(१८१८) ले उल्लेख गरे अनुसार समाजमा परिवर्तन ल्याउन विचार र व्यवहारमा सुधान ल्याउनु पर्छ यसका लागि शिक्षाको प्रर्याप्त तालिमको आवश्यकता पर्छ । सुरुमा साधारण शिक्षा दिनुपर्छ । त्यसपछि सीप सिकाउने खालको कुनै व्यावसायिक शिक्षा दिनुपर्ने उनको राय छ । शिक्षा साधारणबाट जटिलतिर जानुपर्ने खालको हुनुपर्छ । त्यसको अनुभवको आधारमा उनी यो निष्कर्षमा पुगे शिक्षामा आमाको ठूलो हात हुन्छ । घर बालकको पहिलो पाठशाला हो । र आमा पहिलो शिक्षिका हुन् जहाँबाट माया, ममता सहयोग जस्ता अनेक महत्वपूर्ण कुरा सिकेका हुन्छन् । उनले ज्ञानेन्द्रले अनुभव गरेर सिक्ने विधिको माध्यमबाट प्रभावकारी सिकाइ हुने बताए । शिक्षण सिकाइ प्रक्रिया सूचना प्रवाह हस्तान्तरणसँग सम्वन्धित हुने भएकोले सुन्न सकिने, देख्न सकिने, गर्न सकिने क्रियाकलाप गरिनुपर्छ । शैक्षिक सामाग्री छनौटमा श्रव्य सामग्री, दृष्य सामग्री, श्रव्य-दृष्य सामग्री, लेख्य मुद्रित सामग्री हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् ।

उनले बालबालिकाहरूलाई गृह विज्ञान र व्यवहारिक ज्ञान दिनुपर्नेमा जोडदिए । सन् १७८१ मा उनले लिओनार्ड र गर्टेन भन्ने पुस्तक लेखे । यसमा गाँउका साधारण आइमाइले आफ्नो लोग्नेको रक्सी खाने बानी सुधार गरेको र बालबच्चा बढाउने आदिको बारेमा वर्णन गरेका थिए । उनले गरेर सिक्ने कुरामा जोड दिए । पेस्तालोजीको विचारमा शिक्षाको प्रमुख उद्देश्य नैतिक मानिसको रचना गर्नु हो।

नैतिक मानिसले राम्रो काम गर्न, प्रेमगर्न, प्रयत्न गर्दछ । जसको कार्य धार्मिक विश्वाससँग शुत्रबद्ध भएका हुन्छन् । धनको अभावमा पटक पटक असफल र धोका पाए पनि उनको शैक्षिक प्रयोगको ख्याती टाढा टाढा सम्म पुगेको थियो ।जीवनको अन्तिम समयतिर आफ्नो कार्यको निकै आलोचना सहनु परेकोले यिनी निक्कै कमजोर भएका थिए । शिक्षा पद्धतिमा आमुल परिवर्तन ल्याइ शिक्षालाई बालकले क्रमवद्ध निरिक्षणमा आधारित हुनुपर्ने कुरामा जोड दिई वैज्ञानिकीकरण गरिदिए (शर्मा, २०६०बाट उदृत) ।

थर्नडाइक,(१९१३) ले उल्लेख गरे अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई आत्मा साथ गर्नु र बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारूले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरू गर्दा गर्दै र प्रतिक्रियाहरू बाट सफलता प्राप्त गर्न सक्नु नै प्रयत्न र भूल सिकाइ हो । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनकालागि पाठ्यक्रमले तोकेको क्रियाकलापहरू तथा शैक्षिक सूचकहरूलाई क्रमशः अभ्यस्थ बनाउदै निचोडमा पुग्नु पर्छ । अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनको क्रममा विद्यार्थीहरूलाई दैनिक रूपमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरिक गराउँदै निष्कर्षमा पुग्ने कुराको अध्ययन गर्नका लागि यो सिद्धान्तलाई आधार बनाएको छ  (सिहं, २०६१बाट उदृत) ।

## २.३ पुनरावलोकन उपादेयता

अध्ययनका लागि गरिएको सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाँकामा गरिएको विश्लेषणले  यस अध्ययनलाई अघि बढाउन स्पष्ट मार्ग निर्देशन प्राप्त भएको छ भने अध्ययन कार्यलाई सफल र सहजरुपमा निष्कर्षमा पुऱ्याउन अनुसन्धानकर्ता लाई सहयोग प्रदान गरेको छ । यसै गरी यस विषयसँग सम्बन्धित खोज र तिनको सम्बन्धमा स्थापित भई शैक्षणिक व्यवश्थापनमा शिक्षकले गर्न सक्ने भूमिकाको खोजी गरी कसरी तिनलाई उपयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा समेत जानकारी मिलेको छ ।यसैगरी शिक्षकले शैक्षणिक व्यवस्थापनका लागि शिक्षक,विधार्थी,पठनपाठन,गृहकार्यको नियमितताको खोजि गर्न समेत सहयोग पुगेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

कुनै पनि विषय वस्तुको अध्ययन निश्चित प्रकृयाद्वारा सम्पन्न गर्नुपर्ने हुन्छ । यसर्थ यस मोरङ जिल्लाको सौठा स्रोतकेन्द्र भित्र संञ्चालित सामुदायिक प्राथमिक विद्यालयको सिकाइ व्यवस्थापनमा शिक्षकको भूमिका नामक यस शोध कार्यमा प्रयोगात्मक विधि,नमुना छनौट विधि, प्रश्नावली विधिहरूको प्रयोग गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनमा वर्णनात्मक तथा विश्लेषण प्रकृयालाई अनुसन्धानको ढाँचामा प्रयोग गरिएको छ । यस शोधकार्य सम्पन्न गर्नका लागि शोधार्थी सामुदायिक प्राथमिक विद्यालयलाई लक्षित गरेर प्रश्नावली बनाइ छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई प्रश्नावली भराउने काम गरिएको छ । यसै गरी प्राप्त तथ्याङ्कलाई संख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । यो अनुसन्धानमा गुणात्मक र परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरिएको छ ।

## ३.२ जनसंख्या

यस अध्ययनका लागि मोरङ जिल्लाको सौठा स्रोत केन्द्र भित्र संचालित सामुदायिक विद्यालयहरू, त्यसको सरोकारवाला पक्ष, कार्यरत प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति, वि.नि. समेतलाई यस अध्ययनको जनसंख्याको रूपमा लिएको छ ।

## ३.३ नमुना छनौट

क) नमुनाको आकार

मोरङ जिल्ला सौठा स्रोतकेन्द्र भित्र संचालित सामुदायिक विद्यालयहरू मध्ये इटहरा, सिजुवा र गोविन्दपुर गा. वि. स बाट २/२ वटा विद्यालयहरुलाई नमुनाको रुपमा छनौट गरी देहाय अनुसार को नमुनाको आकार निर्धारण गरी सूचना संङ्कलन गरिएको छ ।

तालिका ३.१ : नमुनाको आकार

| क.स. | विद्यालय | प्र.अ. | शिक्षक/शिक्षिका | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष |
|---|---|---|---|---|
| १ | श्री सौंठा उच्च मा.वि. | १ | २ | १ |
| २ | श्री संस्कृत प्रा.वि. | १ | २ | १ |
| ३ | श्री दुर्गा मा.वि. | १ | २ | १ |
| ४ | श्री कटनु प्रा.वि. | १ | २ | १ |
| ५ | श्री सुनवर्षी मा.वि. | १ | २ | १ |
| ६ | श्री सिद्धकाली मा.वि. | १ | २ | १ |

स्थलगत सर्वेक्षण, २०६८

**ख) नमुना छनौट विधि**

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न नमुनाको छनौट गर्दा मोरङ जिल्ला सौठा स्रोत केन्द्र भित्रका सिजुवा, इटहरा, गोविन्दपुर भित्रका छ वटा सामुदायिक विद्यालयका प्र.अ.र व्य.स.का अध्यक्षहरूको छनौट गर्दा उद्देश्यमूलक नमुना छनौट विधि, शिक्षकहरूको छनौट चिठ्ठा प्रणाली विधिको प्रयोग गरी नमुना छनौट गरिएको छ ।

**ग) नमुना छनोटका आधार**

अध्ययनको परिसीमा भित्र रहि तयार पारिएको नमुनाको आकार निर्धारण गर्दा भौगोलिक विविधता ,जातीय परिवेश,यातायतको सुगमताको अवस्था, अनुसन्धानकर्ताको कार्यक्षेत्र स्थल समेतलाई नमुना छनौटको आधार बनाईएको छ । यसैगरी अध्यायनकर्ताको आर्थिक पक्ष समय,साधन,स्रोत समेतलाई अनुकुल  बनाई नमुना छनौट गरिएको छ ।

**३.४ तथ्याङ्क सङ्कलनका साधन**

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्याङ्क सयङ्कलन गर्न नितम्न अनुसारको साधन प्रयोग गरिएको छ :-

**क) प्रश्नावली :**

यस अध्ययनको क्रममा सहि र सान्दर्भिक सूचना सङ्कलन गर्न सम्बन्धित क्षेत्रका बि.नि., स्रोत व्याक्ति, स्रोतकेन्द्रमा रहेका विद्यालयका प्रधानाध्यापक शिक्षक, शिक्षिकाहरु वि.व्य.स.का अध्यक्ष लाई विद्यालयका वर्तमान गतिविधिका सम्बन्धमा गरिएको प्रश्नावलीको नमुना अनुसूचि ४, ५ र ६ मा देखाइएको छ ।

**ख) अवलोकन फारम :**

यस शोधकार्यमा विद्यालय अवलोकन फारमको प्रयोग गरी उक्त विद्यालयमा शिक्षक तथा विद्यार्थीहरुको नियमितता, शिक्षक अनुशासन, शिक्षकमा विषयवस्तुको ज्ञान, शैक्षिक सामग्रीहरुको प्रयोग, शिक्षक र समुदायको सम्बन्ध, वि.व्य.स.को कार्यान्वयनको अवस्था, शिक्षक स्टाफ बैठकको निर्णय कार्यान्वयनको अवस्था, अभिभावक भेलाको निर्णय कार्यान्वयनको अवस्था, पाठयोजना निर्माण र प्रयोग र समग्र पक्षहरुको अवलोकन गरिएको थियो । जसलाई अनुसूचि ७ र ८ मा देखाइएको छ ।

**ग) अभिलेख अध्ययन :**

यस फारममा सरकारी दरबन्दी राहत कोटा तथा निजी स्रोतमा कार्यरत पुरुष तथा महिला शिक्षिका संख्या, तालिम प्राप्त तथा अप्राप्त शिक्षकको विवरण, शिक्षकको शैक्षिक योग्यताको विवरण, शिक्षक तलब मान र भत्ताको अवस्था, शिक्षक विद्यार्थी अनुपात पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था, शैक्षिक सामग्रीको स्रोतहरुको अध्ययनगरी उक्त फारम भरिएको थियो ।

## ३.५ तथ्याङ्कको स्रोत

अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्न मूलत २ प्रकारका स्रोतहरूको उपयोग गरिएको छ ।

क) प्राथमिक स्रोत

यसका लागि अनुसन्धानकर्ता स्वयम उपस्थित भै प्रत्यक्ष सम्पर्क गरी अन्तरवार्ता, अवलोकन र छलफल गरी तथ्याङ्कको सङ्कलन गरिएको छ ।

ख) द्वितीय स्रोत

यसका लागि नमुना विद्यालयको अभिलेख, विद्यालयले प्रकाशन गरेको पुस्तक,स्मारिकाको प्रयोग गरी तथ्याङ्कको सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

मोरङ जिल्ला सौठा स्रोतकेन्द्रका सामुदायिक प्राथमिक विद्यालयहरूको सिकाइ व्यवस्थापनमा शिक्षकको भूमिका नामक यस अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्क संकलन गरी यो अध्ययन कार्यलाई सौठा स्रोत केन्द्रका ३० वटा सामुदायिक विद्यालयहरू मध्ये ६ वटा विद्यालयहरूको प्राथमिक खण्डमा अध्ययन केन्द्रित छ। उक्त विद्यालयहरुको प्र.अ.हरु, अध्यक्षहरु शिक्षक शिक्षिकाहरु समक्ष शोधार्थी आफै पुगी उनीहरु संग प्रत्यक्ष, र शैक्षिक क्षतिको विश्लेषण गर्ने कार्य नै तथ्याङ् संकलनको महत्वपूर्ण पक्ष रहेको छ।

यस अध्ययनकार्य सम्पन्न गर्न शोधकर्ता आफैले छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, शिक्षिका र अध्यक्ष सँग प्रत्यक्ष रुपमा भेटघाट गरी छुटा-छुटै प्रश्नावली फारम भराई, वहाहरु संग विद्यालयको समग्र पक्षमा विचार विर्मश गरी शोधकर्ताले विद्यालयको अवलोकन फारम भरी विद्यालयका गतबर्ष र चालु वर्षको शिक्षक विवरण तथा विद्यार्थी विवरण संङकलन गरी विश्लेषण गरिएको छ।

कुनै पनि विद्यालयको गुणस्तर मापन गर्नका लागि त्यस विद्यालयको विद्यालय सुधार योजना, बिद्यार्थी को प्रवेश दर, कक्षोन्नति, अनुतीर्णदर, कक्षा छोड्ने दर, कक्षा वृद्धिदर, शैक्षिक स्थितिको प्रवाहदर हरुको सुत्रको आधारमा देखाउनुको साथै शिक्षकहरुको काम,कर्तव्य अधिकार र भुमिका, कमि कमजोरी उकास्ने उपायहरुको विश्लेषण र व्याख्या गरी प्रस्तुत गरिएको छ।

## ३.७ तथ्याङ् विश्लेषण विधि

अनुसन्धानका साधनहरुको प्रयोग गरी प्राप्त भएको तथ्याङ्लाई आवश्यक्ता अनुसार निर्धारण गरी उद्देश्य अनुसार तालिकीकरण गर्दै गुणत्मक एंव नमुना छनौट र चिठ्ठा प्रणाली विधिको प्रयोग गर्दै विश्लेषण गरिएको छ। यसै गरी प्रस्तावनामा उल्लेख गरिएका उद्धेश्य अनुसार उपयुक्त शीर्षक को चयन गरी प्राप्त तथ्याङ्हरुलाई कमशः प्रस्तुतीकरण गर्दै सम्वन्धित साहित्यको पुनरावलोकन र सैदान्तिक खाकाको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

यस सङ्कलित तथ्याङ्कका आधारमा प्राथमिक विद्यालयमा सिकाइ व्यवस्थापनमा वर्तमान अवस्था पहिचान गरी पठन पाठनमा नियमितता ल्याउनु शिक्षकको समस्या, चुनौति र भूमिका पत्ता लगाउनुका साथै शैक्षणिक व्यवस्थापन र भौतिक स्रोत साधनको अवस्था, सरोकारवालाहरुको धारणा समस्या चुनौतिलाई देखाएको छ ।

## ४.१ शैक्षणिक व्यवस्थापनको वर्तमान अवस्था

विद्यालयको शैक्षणिक व्यवस्थापन अन्तर्गत शिक्षक व्यवस्थापन, शिक्षक नियूक्तिको अवस्था शिक्षकको शैक्षिक योग्यता र तालिम, विद्यार्थी भर्ना विवरण, विद्यालय भवन कक्षाकोठाको भर्ना अवस्था, फर्निचर, भवन कम्पाउण्ड, शैक्षिक सामग्री लगाएतका कुरा सम्बन्धित हुन्छन्। त्यसैले नमुना विद्यालयको यी पक्षको वास्तविक अवस्था पहिचान गर्न प्राप्त सूचनाहरुको आधारमा निम्न अनुसार व्याख्या र विश्लेषण गरिएको छ :

### ४.१.१ कक्षाको बसाई व्यवस्थापन

शिक्षामा पद्धतिमा समाजबाट गाँसिएको लगानी विद्यार्थी भएकोले तिनीहरूको उचित कक्षाको व्यवस्थापन हुनुपर्दछ । त्यसले मात्र समाज र राज्यलाई आवश्यक सीप, दक्ष जनशक्ति उत्पादनमा टेवा पुग्छ । नमुना विद्यालयहरूमा बसाई व्यवस्थापनको अध्ययन गर्दा अधिकांश विद्यालयमा शिक्षकहरूले विद्यार्थीको उचाईको आधारले राख्ने गरेको पाइयो भने थोरै नमुना विद्यालयमा मात्र जुन विद्यार्थी पहिले कक्षाकोठामा आउछ उसैले आफूलाई मन पर्ने डेक्स वेन्चमा बस्न पाउने गरेको पाइयो । शिक्षकमा कक्षा व्यवस्थापनको सीप नहुनु, सबै नमुना विद्यालयमा विद्यार्थीको उचाई अनुसारका डेक्स वेन्चहरू भएको पाइएन ।

कक्षाकोठामा जब सम्म विद्यार्थीको बसाईका लागि उपयुक्त वातावरण बनाउन सकिदैन शिक्षण पनि प्रभावकारी हुन सक्दैन । त्यसकारण कक्षाकोठामा विद्यार्थी संख्या अनुसारको फर्निचरहरूको पनि जरुरी हुन्छ । कक्षामा सा-साना विद्यार्थीहरूलाई अगाडि राख्दै क्रमश ठूलालाई पछाडि राख्नु पर्दछ । कालोपाटी सबै विद्यार्थीले देख्ने र कक्षाकोठामा विद्यार्थीको बसाई व्यवस्था, हावा, प्रकास बत्ती, विद्यार्थी हलचल गर्ने ठाँउ शिक्षक घुम्न मिल्ने ठाउँ, शैक्षिक सामग्रीको प्रयोग गर्ने र राख्ने ठाँउको व्यवस्था, विभिन्न क्रियाकलापमा सहभागी बनाउन समूह निर्माणको प्रवन्ध गर्न सकिने कक्षाकोठा हुनु आवश्यक छ ।

### ४.१.२ समयको व्यवस्थापन

शिक्षा प्राप्तिको क्रममा व्यक्ति परिश्रम, लगनशीलता र सक्रिय भएको हुनुपर्छ। अधिकांश नमुना विद्यालयका शिक्षक र विद्यार्थीहरूको समय तालिका (१०:०० देखि ४:००) सम्म चल्ने गरेको पाइयो। प्राथमिक खण्डको १ देखि ३ कक्षा सम्म ३:२० सम्म मात्र कक्षा संचालन भएको पाइयो। शिक्षकहरू अधिकांश १० देखि ४:०० बजे सम्म नै कक्षामा शिक्षणगर्ने गरेको पाइएता पनि नमुना विद्यालयमा शिक्षक पनि आफ्नो पढाउने घण्टी सकिएपछि विद्यालयमा नबस्ने गरेको पाइयो। विद्यालय जाने उमेर भएर पनि पढ्न छाडेर हिड्ने राम्रो सँग पढ्न नसकेर परीक्षामा अनुत्तिर्ण हुने, अत्यन्त कम उत्तीर्ण अङ्क ल्याएर उत्तीर्ण हुने क्षतिहरू न्यूनिकरण गर्न विशेष योजना बनाएर कार्यनयन गर्न सक्नु पर्दछ। पढाइमा कम्जोर विद्यार्थीका निम्ति सुधार गर्न विद्यार्थीको पारिवारीक वातावरण बुझ्ने, अभिभावकहरूको भेला गर्ने, विशेष अध्यापन गर्ने कुरामा समयको पूर्ण ख्याल गर्नु आवश्यक हुन्छ। विद्यार्थी लाई हौसला, प्रोत्साहन दिने, जान्ने र नजान्नेलाई मिसाएर राख्ने समूह विभाजन गर्ने, निरन्तर मूल्याङ्कन गर्ने, कम्जोर विद्यार्थीलाई विषेश ध्यान दिने, पृष्ठपोषण दिने कुराहरूमा समयको उचित व्यवस्थापन गरी अध्यापन गर्न सकेको खण्डमा मात्र शैक्षिक क्षति कम हुन सक्दछ।

### ४.१.३ शिक्षक व्यवस्थापन

विद्यालयको शैक्षणिक व्यवस्थापनमा शिक्षक विद्यार्थी नै महत्वपूर्ण लगानी हुन्। शैक्षिक व्यवस्थापन भित्र विद्यार्थी भर्ना, शिक्षकहरुको परिचालन र समन्वयको आवश्यकता पर्छ। हरेक विद्यालयमा तालिम प्राप्त शिक्षक भएमा, विद्यार्थी संख्या अनुरुप शिक्षकको व्यवस्था गर्न सकिएमा शिक्षाको उद्देश्य सहजै प्राप्त गर्न सकिन्छ। त्यसैले अध्ययन क्षेत्र भित्रका शिक्षकको संख्या र तालिमको अवस्थालाई पहिचान गर्न संकलित तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.१ : शिक्षकको सङ्ख्या र तालिमको अवस्था

| क्र. | विवरण | तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | | जम्मा शिक्षक संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सं. | विद्यालय | पुरुष | महिला | प्रतिशत | पुरुष | महिला | प्रतिशत | पुरुष | महिला | जम्मा |
| १. | श्री सौठा उच्च मा. वि. | ६ | ३ | १९.५ | | | | ६ | ३ | ९ |
| २. | श्री संस्कृत प्रा.वि. | ३ | १ | ८.७ | | १ | २.२ | ३ | २ | ५ |
| ३. | श्री दुर्गा मा.वि. | ५ | ३ | १७.३ | १ | १ | ४.३ | ६ | ४ | १० |
| ४ | श्री कटनु प्रा.वि. | ३ | २ | १०.९ | | १ | २.३ | ३ | ३ | ६ |
| ५ | श्री सुनवर्षी उ.मा.वि. | ३ | २ | १०.९ | ३ | २ | १०.८ | ६ | ४ | १० |
| ६ | सिद्धकाली मा.वि. | ५ | १ | १३.१ | | | | ५ | १ | ६ |
| | जम्मा | २५ | १२ | ८०.४ | ४ | ५ | १९.६ | २९ | १७ | ४६ |

(स्रोत : विद्यालय अभिलेख, २०६९)

तालिका ४.१ लाई विश्लेषण गर्दा प्राथमिक तहमा अधयापन गर्ने अधिकांश शिक्षक (८०.४%) पूर्ण तालिम प्राप्त र १९.६% तालिम अप्राप्त (तालिम लिइरहेका) छन् । जम्मा ६ ओटा विद्यालयमा २ ओटा विद्यालयका सबै शिक्षक तालिम प्राप्त देखिएता पनि अन्यमा यस्तो अवस्था देखिदैन । तालिम प्राप्त मध्ये २५ जना पुरुष र १२ जना महिला छन् । तालिम अप्राप्त तर्फ पुरुष ४ जना र महिला ५ जना देखिन्छन् । यसले के देखाउछ भने यी विद्यालयहरुमा पुरुष शिक्षक भन्दा महिला शिक्षकको संख्या कम छ । यसबाट के स्पष्ट हुन्छ भने शिक्षक नियुक्ति गर्दा महिला कोटाहरुको व्यवस्था गरी लैङ्गिक समानता विद्यालय स्तर बाट नै गरिनुपर्छ भन्ने तथ्याङ्कले देखाउछ । शिक्षक नियुक्ति गर्दा पुरुषलाई भन्दा महिलालाई बढि प्राथमिकता दिई समान अवसर दिएमा मात्र शैक्षिक गुणस्तर वद्धि हुने देखिन्छ ।

नमुना विद्यालयका प्र.अ.हरुले शिक्षकहरुको तालिमको अवस्थालाई हेरी तालिममा पठाउदा सट्टा शिक्षक राखि अध्यापन गराउने गरेको पाइयो । विद्यालयका सम्पूर्ण शिक्षकहरुले तालिम अनिवार्य दिनुपर्छ, भनि शिक्षकहरुलाई उत्प्रेरणा जगाइ आफ्नो योग्यता, क्षमता बमोजिम काम गर्न शिक्षकहरुलाई थप धन्यवाद सहित पुरस्कार दिइ हौसला प्रदान गरेको देखियो ।

### ४.१.४ शिक्षक नियुक्तिको व्यवस्था

शिक्षा प्रणालीमा शिक्षक प्रत्यक्ष लगानी हो । शिक्षकले प्राप्त गरेको योग्यता, उसले प्रदर्शन गर्ने व्यवहार र कार्य क्षमताको प्रभाव सोझै विद्यार्थी र समुदायमाथि पर्छ । जसले सिकाई उपलब्धिमा प्रभाव पार्छ । त्यसैले विद्यालयमा योग्य शिक्षकको छनौट हुनुपर्दछ । अहिले सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति गर्दा सामन्यतय स्थायी, अस्थायी, राहत, निजि र करार गरी ५ किसिमले हुने गरेको पाइन्छ । यसले विद्यालयको सिकाइमा पार्ने असरलाई समेत पहिचान गर्न मद्धत गर्छ । त्यसैले नमुना विद्यालयमा शिक्षक नियुक्तिको विवरण यस्तो पाइयो ।

तालिका नं. ४.२ : शिक्षकको नियुक्ति विवरण

| क्र. सं. | विवरण | स्थायी शिक्षक | | अस्थायी शिक्षक | | राहत तथा निजी र करार शिक्षक | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १. | श्री सौठा उच्च मा. वि. | ७ | १५.३ | | | २ | ४.३ | ९ |
| २. | श्री संस्कृत प्रा.वि. | ३ | ६.६ | | | २ | ४.३ | ५ |
| ३. | श्री दुर्गा मा.वि. | ७ | १५.३ | | | ३ | ६.५ | १० |
| ४ | श्री कटनु प्रा.वि. | ४ | ८.६ | | | २ | ४.३ | ६ |
| ५ | श्री सुनवर्षी उ.मा.वि. | ६ | १३.३ | | | ४ | ८.६ | १० |
| ६ | सिद्धकाली मा.वि. | ५ | १०.९ | | | १ | २ | ६ |
| | जम्मा | ३२ | ७० | | | १४ | ३० | ४६ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

तालिका ४.२ लाई अध्ययन गर्दा अधिकांश विद्यालयहरुमा स्थायी शिक्षकहरुको बाहुल्यता ३२ जना (७०%) रहेको भएता पनि १४ जना (३०%) शिक्षकहरु अझै पनि अस्थायी रुपमा नै काम गरिरहेको अवस्था देखिन्छ । अस्थायी रुपमा भएका शिक्षक विभिन्न तरिकाले नियुक्ति पाएको देखिन्छ । राहत शिक्षक, निजी शिक्षक, बालकोटाका शिक्षिका विद्यार्थी संख्याको आधारमा रहेका करार शिक्षक संख्या देखिन्छ । यसरी एउटै विद्यालयमा काम गर्ने शिक्षक अलग-अलग हैसियत प्राप्त गरी काम गर्दा शैक्षिक व्यवस्थापन प्रभावकारी देखिदैन ।

नमुना विद्यालयहरुमा राहत र करार शिक्षकको नियूक्ति गर्दा जि.शि.का.को परामर्श अनुसार १५ दिन अगाडि नै विज्ञापन गरी योग्यता पुगेकासँग आवेदन माग गर्ने र लिखित परीक्षामा उत्तीर्ण हुनेहरुलाई मौखिक परीक्षा लिएर सर्वोत्कृष्ट अङ्क ल्याउनेलाई शिक्षकमा नियूक्ति गरिएको छ । निजी र बालकोटा शिक्षक शिक्षिका नियूक्ति गर्दा विद्यालयले आ-आफ्नै प्रकारका नियम बनाइ नियूक्ति गर्ने गरेको पाइयो । शिक्षकहरुलाई स्थायी गर्न शिक्षा सेवा आयोगको नियम अनुसार नै व्यवस्था छ ।

### ४.१.५ शिक्षकको शैक्षिक योग्यताको अवस्था

प्राथमिक तहमा अध्यापन गर्न चाहने न्युनतम शैक्षिक योग्यता एस.एल.सी. वा सो सरह तालिम प्राप्त हुनपर्ने प्रावधान शिक्षा ऐन २०२८ तथा नियमावली २०४९ ले गरेको छ । तर अहिले विद्यालय क्षेत्र सुधार (SIP) कार्यक्रमले प्राथमिक तह कक्षा १ देखि ८ हुनपर्ने र त्यसका लागि शैक्षिक योग्यता पनि परिवर्तन गरी +2 वा सो सरह र स्नातक हुनुपर्ने प्रावधान राखेको छ । जसले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । त्यसैले नमुना विद्यालयमा शिक्षकको शैक्षिक योग्यताको अध्ययन गर्दा यस्तो अवस्था पाइयो :

तालिका नं. ४.३ : शिक्षकको शैक्षिक योग्यताको विवरण

| क्र. सं. | विवरण | आवश्यक न्यूनतम शैक्षिक योग्यता ( एस.एल.सी.वा सो सरह ) | आवश्यक भन्दा माथि +२ वा सो भन्दा माथि | जम्मा कार्यरत संख्या |
|---|---|---|---|---|
| | विद्यालय | | | |
| १. | श्री सौठा उच्च मा. वि. | १ | ८ | ९ |
| २. | श्री संस्कृत प्रा.वि. | २ | ३ | ५ |
| ३. | श्री दुर्गा मा.वि. | २ | ८ | १० |
| ४ | श्री कटनु प्रा.वि. | १ | ५ | ६ |
| ५ | श्री सुनवर्षी उ.मा.वि. | ४ | ६ | १० |
| ६ | सिद्धकाली मा.वि. | ५ | १ | ६ |
| | जम्मा | १५ | ३१ | ४६ |
| | प्रतिशत | ३२.७ % | ६७.३% | १०० |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

तालिका ४.३ लाई विश्लेषण गर्दा अधिकाश विद्यालयमा कार्यरत शिक्षकमा १५ जना (३२.७%) आवश्यक न्यूनतम शैक्षिक योग्यता भएका शिक्षक देखिन्छन् भने ३१ जना (६७.३%) शिक्षकहरु आवश्यक योग्यता भन्दा माथि +2 वा सो भन्दा योग्यता बढी भएका शिक्षक देखिन्छन् । स्थलगत सर्वेक्षणका क्रममा विद्यालयमा कार्यरत शिक्षकहरु माथिल्लो तहको योग्यता लिन नजिकै खोलिएको +२/क्याम्पसहरुमा अध्ययनरत रहेका छन् । विद्यालयको शैक्षिक गुणस्तर योग्यताले पनि प्रभाव पर्दछ । त्यसैले कार्यरत शिक्षकहरुको शैक्षिक योग्यता वृद्धि गर्दै लैजानु पर्ने देखिन्छ । नमुना विद्यालयहरुमा शिक्षकहरुको योग्यता बढाउन हौसला प्रदान गरेता पनि वर्तमान अवस्था ५ वर्ष स्थायी रुपले सेवा गरेका शिक्षकहरुलाई मात्र अध्ययन विदा दिने गरेको पाइन्छ । अन्यथा आफ्नै तवरले योग्यता बढाउनु पर्ने हुन्छ ।

### ४.१.६ शिक्षक तलबमान र भत्ता

नमुना विद्यालयमा शिक्षकको तलवमान र भत्ता सरकारी स्तर बमोजिम भए नभएको विवरणलाई तालिकामा समेटिएको छ :

तालिका ४.४ : शिक्षक तलबमानको विवरण

| विवरण | शिक्षक संख्या | शिक्षक प्रतिशत |
|---|---|---|
| स्केल बमोजिम तलबमान भएका | ३३ | ७१.८ |
| स्केल बमोजिम तलबमान नभएका | १३ | २८.२ |
| जम्मा | ४६ | १०० |

(स्रोत : विद्यालय अभिलेख, २०६९)

तालिका ४.४ लाई विश्लेषण गर्दा अधिकांश विद्यालयका शिक्षकहरुले (४० जना र ७१.८%) सरकारी स्केल बमोजिम तलवमान प्राप्त गर्ने गरेका छन् , भने न्यून शिक्षकले (१३ जना २८.२%) मात्र सरकारी स्केल बमोजिम तलबमान प्राप्त गर्न नसकेको देखिन्छ । तलवमान न्यून भएका शिक्षक र व्यवस्थापन समिति बीच दुई पक्षीय सहमति प्रणालीमा सेवा सुविधाको किटान गरिएको देखिन्छ । तर तलव मान व्यवस्थापनलाई सुधार गरिनु पर्दछ किनकी एउटा विद्यालयमा काम गर्ने शिक्षकलाई एकै प्रकारको तलबमानको व्यवस्था नगरि दिदा उत्प्रेरणामा प्रभाव पर्न गई शैक्षिक लक्ष्य र उद्देश्य प्राप्तिमा समेत नकारात्मक प्रभाव पर्न जान्छ । विद्यालयमा काम गर्ने शिक्षकहरुको मनोबल उच्च रहे मात्र संस्थाको लक्ष्य र उद्देश्य प्राप्त गर्न सकिन्छ । त्यसका लागि तलबमान र भत्ता एक महत्व पूर्ण पक्ष हो ।

त्यसैले राज्यले तोकेको सेवा सुविधा उपलब्ध गराई शिक्षकहरुको मनोवल उच्च राखि शैक्षिक संस्थाको उद्देश्य प्राप्त गर्न सकिन्छ ।

### ४.१.७ शिक्षक विद्यार्थी अनुपात

सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात तराई क्षेत्रमा १:४५ हुनुपर्ने प्रावधान शिक्षा नियमावलीमा उल्लेख गरेको छ । शिक्षक विद्यार्थी उपर्युक्त भएमा शिक्षण सिकाई प्रभावकारी हुने विश्वास लिन सकिन्छ । त्यसैले हाल नमुना विद्यालयमा रहेका शिक्षक विद्यार्थी अनुपातलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ४.५ : शिक्षक विद्यार्थी अनुपातको विवरण

| क्र. सं. | विवरण | कूल संख्या शिक्षक | कूल विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| | विद्यालय | | | |
| १. | श्री सौठा उच्च मा. वि. | ९ | २४० | १:२६ |
| २. | श्री संस्कृत प्रा.वि. | ५ | ११७ | १:२३ |
| ३. | श्री दुर्गा मा.वि. | १० | २५० | १:२५ |
| ४ | श्री कटनु प्रा.वि. | ६ | १५४ | १:२५ |
| ५ | श्री सुनवर्षी उ.मा.वि. | १० | १५३ | १:१५ |
| ६ | सिद्धकाली मा.वि. | ६ | २३७ | १:३९ |
| | जम्मा | ४६ | ११५१ | १:२५ |

(स्रोत : विद्यालय अभिलेख, २०६९)

तालिका ४.६ लाई नियाल्दा नमुना विद्यालयमा शिक्षक विद्यार्थी अनुपात बढीमा १:३९ सिद्धकालीमा र घटीमा १:१५ सुनबर्षीमा रहेको भेटियो । जम्मा विद्यालयलाई हेर्दा १:२५ रहेको देखिन्छ । यसले के पुष्टी गर्छ भने सबै विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको व्यवस्थापन हुन सकेको देखिन्छ । यसले शिक्षा नियमावली अनुसार नै शिक्षक विद्यार्थी अनुपात कायम हुन सकेको पुष्टि हुन्छ ।

### ४.१.८ पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन

विद्यालयमा शिक्षण सिकाइ क्रियाकलाप सहज ढंगले सञ्चालन गरी संस्थाको उद्देश्य प्राप्ति गर्नका लागि आवश्यक पुस्तकालय तथा प्रयोगशाला व्यवस्थापन हुनुपर्दछ । कक्षा शिक्षणको ज्ञानलाई पूर्ण गर्न तथा किताबी ज्ञान भन्दा बाहिरी ज्ञानहरु प्राप्त गर्न पुस्तकालय

एवम् प्रयोगशालाको व्यवस्थापन विद्यालयले गरेको हुनुपर्दछ । यसलाई विद्यालयले शैक्षणिक व्यवस्थापनका रुपमा समावेश गराउन सकिन्छ ।

*नमुना विद्यालयहरुमा **श्री सौठा उच्च मा.वि.का प्र.अ.**का अनुसार पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था भएको तर यसको प्रयोग पुरानै परिपाटीबाट सञ्चालन भएकोले पूर्ण सदुपयोग हुन नसकेको धारणा व्यक्त गर्नुभयो ।*

यस भनाइबाट के कुरा प्रष्ट हुन्छ भने पुस्तकालय र प्रयोगशाला भएको विद्यालयहरुमा पनि व्यवस्थित गरी सञ्चालन भै नरहेको अवस्था देखिन्छ भने सञ्चालनमा पुरानै ढङ्गको परिपाटीले गर्दा यसको प्रयोगमा कम आएको छ ।

*नमुना विद्यालय **श्री सुनवर्षी उच्च मा.वि.का प्र.अ.**को भनाइ अनुसार पुस्तकालय र प्रयोगशालालाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नसकेको र अवश्यक सन्दर्भसामग्री पुस्तकालयमा उपलब्ध गराउन कठीनाइ भएको, कर्मचारी व्यवस्थापन गर्न नसकिरहेको अवस्था व्यक्त गर्नु भयो ।*

उपर्युक्त भनाइले प्रयोगशाला र पुस्तकालयको व्यवस्थापनमा कठीनाइ भएकोले गर्दा विद्यालयमा बालबालिकाले उचित प्रयोग गर्न नपाएको कुरा स्पष्ट हुन्छ । आर्थिक अभावका कारण कर्मचारी व्यवस्थापन गर्न नसक्दा र सन्दर्भसामग्री समयमा उपलब्ध हुन नसक्दा यसको प्रभावकारीता कम देखिएको छ । तर समय सापेक्ष गुणस्तरीय शिक्षा दिन पुस्तकालाय र प्रयोगशालाको उचित व्यवस्थापन हुनुपर्ने देखिन्छ ।

*अन्य विद्यालय **दुर्गा, सिद्धकाली, कटनु र संस्कृतका प्र.अ.**को भनाइ आर्थिक समस्याका कारण पुस्तकालयको लागि छुट्टै कोठा र संन्दर्भसामग्रीहरु उपलब्ध गर्न नसकेको कारणले पुस्तकालको व्यवस्था गर्न सकिएको छैन । त्यसैगरी प्रयोगशालामा पुरानै सामग्रीहरु विद्यालयले खरिद गरी ल्याएको छ । त्यो पनि अत्यन्त कम भएकोले विद्यार्थीहरुलाई प्रयोग गर्न कठीनाई भएको अवस्था व्यक्त गर्नुभयो ।*

माथिको भनाइबाट अधिकांश विद्यालयमा पुस्तकालय र प्रयोगशालाको व्यवस्था नभएको यसका लागि सरकारले आर्थिक रकम नदिएकोले यसको व्यवस्थापनमा कम आएको देखिन्छ । समयमा नै पुस्तकालय र प्रयोगशालाको व्यवस्था नभए ठूलो शैक्षिक क्षती हुने अवस्था छ ।

### ४.१.९ शैक्षिक सामग्रीको व्यवस्थापन

शैक्षिक सामग्री शिक्षण सिकाइको महत्वपूर्ण साधन तथा आवश्यकीय साधन भएकोले विद्यालयमा यसको निर्माण र प्रयोग गरी कक्षा शिक्षणलाई व्यवस्थित बनाउन सकिन्छ । यसले कक्षा शिक्षण सफल प्रभावकारी र अर्थपूर्ण बनाउन मदत्त गर्छ ।

तालिका ४.६

कक्षा शिक्षणमा प्रयोग हुने शैक्षिक सामग्रीहरुको अवस्था र उपयोगिताको स्थिति

| **प्रतिक्रिया विवरण** | **विद्यालय** | **प्रतिशतमा** |
|---|---|---|
| क) शैक्षिक सामग्रीको प्रसस्त उपलब्ध छ/उपयोग गरिएको छ । | ३ | ५० |
| ख) शैक्षिक सामग्री उपलब्ध भएपनि उपयोग गरिएको छैन । | - | - |
| ग) आवश्यक मात्रामा शैक्षिक सामग्री नै उपलब्ध छैन । | २ | ३३.४ |
| घ) अन्य भएमा …………शैक्षिक सामाग्री प्रयाप्तमात्रामा छैन् । आवश्यकमात्रामा प्रयोग गरिएको छ । | १ | १६.६ |

(स्रोत : स्थलगत सर्वेक्षण, २०६९)

शैक्षिक सामग्रीको सहयोगबाट शिक्षक तथा विद्यार्थी दुबैलाई अध्ययन तथा अध्यापन गर्न सजिलो हुन्छ । यस्ता शैक्षिक सामग्री महङ्गो खालको हुनपर्छ भन्ने छैन, शिक्षक आफैले विद्यालय वरपर वातावरणमा पाइने प्रकृतिका वस्तुहरुपनि शैक्षिक सामग्रीको रुपमा उपयोगमा ल्याउनलाई सकिन्छ ।

यस अध्ययनको सन्दर्भमा प्र.अ.हरुलाई तपाइको विद्यालयमा हुने कक्षा शिक्षणमा शैक्षिक सामग्रीको अवस्था र उपयोगिता के कस्तो रहेको छ भनी प्रश्न गर्दा सौठा स्रोतकेन्द्र भित्रको नमुना विद्यालयहरु मध्ये ५० प्रतिशत अर्थात ३ जना प्र.अ.ले आफ्नो विद्यालयमा शैक्षिक सामग्रीहरु उपलब्ध छ र उपयोग पनि गरिएको छ भनी उत्तर दिनुभयो । नमुना विद्यालयका ३३.४ प्रतिशत अर्थात २ जना प्र.अ.ले आफ्नो विद्यालयमा आवश्यक मात्रामा शैक्षिक सामग्री नै उपलब्ध छैनन् भनी उत्तर पाइयो । नमुना विद्यालयका १६.६ प्रतिशत अर्थात १ जना प्र.अ.ले शैक्षिक सामग्री प्रर्याप्त छैनन् । भएका आवश्यक शैक्षिक सामग्रीको प्रयोग गरिएको छ भनी बताउनु भयो ।

हाम्रा अधिकांश सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्रीको महत्व बुझेर पनि उपयोगमा ल्याउने गरेको पाइदैन । विद्यालयमा प्रशस्त शैक्षिक सामग्री भएर पनि त्यसलाई कक्षाकोठा भित्र उपयोगमा ल्याएको पाइदैन । प्र.अ.ले शिक्षकको कार्यदक्षताको मूल्याङ्कन गर्दा सम्बन्धित शिक्षकले कतिको शैक्षिक सामग्रीको निर्माण, संग्रह, उपयोग तथा हिफजात गरेको छ, सोही आधारमा मूल्याङ्कन गरेमा राम्रो हुन्छ । विद्यालयमा प्रत्येक महिनामा हुने शिक्षक स्टाफ बैठकमा प्रधानाध्यापकले शिक्षकलाई यसबारे सुझाब र सल्लाह दिने तथा शैक्षिक सामग्रीको संग्रह, र निर्माणमा कार्यशाला चलाएमा शिक्षकहरुले पनि आफ्नो  सीप प्रर्दशन गर्ने मौका पाउथे भने विद्यार्थीले पनि पाठलाई अभिरुची पूर्वक पढ्ने अवसर पाउने थिए ।

तालिका ४.७ : शैक्षिक सामग्रीहरुको संग्रह गर्ने स्रोतहरु

| **प्रतिक्रिया विवरण** | **विद्यालय** | **प्रतिशतमा** |
|---|---|---|
| क) बजारबाट खरिद गरिने गरेको, | ३ | ५० |
| ख) शिक्षक तथा विद्यार्थीबाट निर्माण हुने गरेको | २ | ३४.४ |
| ग) दाताहरुबाट उपलब्ध हुने गरेको | - | - |
| घ) अन्य भएमा ..... माथिका क, ख र ग तीनैवटा | १ | १६.६ |

(स्रोत : विद्यालय अभिलेख, २०६९)

विद्यालयमा हुनुपर्ने शैक्षिक सामग्री कस्तो हुनुपर्छ भन्ने बारेमा यहि नै वा यस्तो हुनुपर्छ भन्ने केही छैन । विद्यालयमा पढाइ हुने पाठको प्रकृति, शिक्षकको आफ्नो क्षमता रुचीमा यो केही हदसम्म भर पर्छ । पाठसँग सम्बन्धित र विद्यार्थीका लागि आकर्षक हुने, विद्यालय वरपरको वातावरणमा पाइने शैक्षिक सामग्री भएमा सबै भन्दा राम्रो हुन्छ । प्राथमिक तहमा पढ्ने बालबालिकालाई आफ्नो घर र समाजमा देखिरहेका वस्तुलाई नै शैक्षिक सामग्रीको रुपमा प्रयोग गरेमा उनीहरुलाई पाठ पढाउन सजिलो हुन्छ । विद्यालयको आर्थिक अवस्था राम्रो भएमा बजारबाट खरिद गरी प्रयोगमा ल्याउन सकिन्छ ।

सामुदायिक नमुना विद्यालयका प्र.अ. र शिक्षकसँग शैक्षिक सामग्रीको संग्रह कसरी हुने गरेको छ भनी प्रश्न राख्दा ५० प्रतिसत प्र.अ. र शिक्षकले बजारबाट खरिद गरिने कुरा बताउन भयो । ३४.४ प्रतिशद नमूना विद्यालयका प्र.अ. र शिक्षकले शिक्षक तथा विद्यार्थीबाट निर्माण हुने गरेको बताउनु भयो । नमुना विद्यालयका प्र.अ. र शिक्षक १६.६ प्रतिसतले बजारबाट खरिद गरिने शिक्षक तथा विद्यार्थीबाट निर्माण गरिने, दाताहरुबाट पनि केही शैक्षिक सामग्री उपलब्ध भएको कुरा बताउनु भयो ।

विद्यालयमा पाठ्यक्रमले तोकेको सिकाई उपलब्धि विद्यार्थीहरुमा हासिल गराउन प्रशस्त शैक्षिक सामग्री हुनुपर्ने र त्यसको सहि र प्रभावकारी उपयोग भएमा शिक्षकलाई दिगो रुपमा सिकाउन सजिलो हुने र विद्यार्थीहरुमा पाठप्रतिको रुचि बढ्न गई सजिलै सिक्न सक्ने हुन्छ ।

शैक्षिक सामग्री सकेसम्म स्थानीय स्रोत र साधनको उपयोग गरी विद्यार्थी समेतको सहभागितामा हुनसके सिकाइलाई अझ व्यवस्थित गर्न सकिने थियो । नमुना विद्यालयमा शैक्षिक सामग्रीको निमार्ण र प्रयोग कम गरेको पाइयो । विद्यालयमा भै रहेका शैक्षिक सामग्रीको पनि शिक्षकले कमै प्रयोग गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने शैक्षिक सामग्रीको व्यवस्थापन राम्रो हुन नसकेको देखिन्छ ।

## ४.२ विद्यालयमा नियमित पठनपाठनको स्थिति

विद्यालयको शैक्षणिक व्यवस्थापन अन्तर्गत विद्यालयमा नियमित पठनपाठनको स्थिति के कस्तो रहेको छ भनी अनुसन्धानका क्रममा व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक, र शिक्षक/शिक्षिकाहरुसँग अन्तर्वार्ता तालिका मार्फत संकलित तथ्याङ्कबाट शैक्षणिक व्यवस्थापनका सम्बन्धमा व्याक्त गरेका धारणालाई यस अध्ययनमा समेटिएको छ ।

### ४.२.१ पठनपाठनको नियमितता

विद्यालयको दैनिक प्रशासन संचालन गर्ने मुख्य जिम्मेवारी प्र.अ.को हुन्छ । प्रधानाध्यापकले आफ्नो विद्यालयमा रहेका शिक्षक कर्मचारीको मानवीय ढंगबाट परिचालन गर्दै उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गरी विद्यालयको विकास गर्न सक्छन् । त्यसैले मानवीय संसाधानको र भौतिक स्रोतका सम्बन्धमा प्र.अ.को धारणा यस्तो पाइयो ।

विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको संख्या प्रति १७% प्र.अ. सन्तुष्ट र ८३% प्र.अ. असन्तुष्ट रहेको धारणा व्याक्त गरे । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात नमिलेको ३४% प्र.अ. ले व्याक्त गरे । भने ५१% प्र.अ.ले कर्मचारी नै नभएको गुनासो सुनाए तथा १७% प्र.अ.ले यस बारेमा कुनै पनि प्रतिकृया दिन मञ्जुर गरेनन् । शिक्षकहरुको नियमितताका सम्बन्धमा सबै प्र.अ. सन्तुष्टि भएता

पनि लिजर घण्टीमा अर्को कक्षा लिन अनुरोध गर्दा सकारात्मक जवाफ नपाउने सुनाए । विद्यालयमा कार्यरत तालिम अप्राप्त शिक्षकलाई तालिमको अवसर प्रदान गरी सहयोग गरेको, तर शिक्षकहरु तालिम लिइ फर्के पछि, आफुले प्राप्त गरेको ज्ञान सीप, अनुभव कक्षा शिक्षणमा प्रयोग नगरेको गुनासो सुनाए । खास गरी १, २ र ३ कक्षाका लागि कक्षा शिक्षण प्रणाली अपनाउने गरेको र माथिल्लो कक्षामा विषय शिक्षकलाई नै जोड दिने गरेको धारणा प्रधानाध्यापकहरुले सुनाए । विद्यालयको
भौतिक स्रोतका सम्बन्धमा एक जना प्र.अ. (१७%) ले प्रयाप्त रहेको सुनाए पनि बाँकी ५ जना (८३%) ले अप्रयाप्त रहेको बताए । त्यसै गरी विद्यालयमा शिक्षक नियुक्ती र भौतिक स्रोत जुटाउन अभिभावक र व्यवस्थापन समितिको सक्रिय सहयोग पाउने गरेको कुरा ५०% प्र.अ.ले सुनाए पनि बाँकी विद्यालयहरुमा सामान्य सहयोग पाउने गरेको कुरा पाइयो । यसै गरी ८३% प्र.अ. ले विद्यालयको आर्थिक, भौतिक र शैक्षिक लगाएतका समस्या रहेको रहेको बताए भने एक जना १७% ले कुनै प्रतिकृया व्यक्त गर्न चाहेनन् ।

### ४.२.२ विद्यालयका शिक्षकहरुको नियमितता

शिक्षा प्रणालीको लगानीको एउटा पक्ष शिक्षक पनि हो शिक्षक कक्षा शिक्षण सिकाइ क्रियाकलापको नेता पनि हो । त्यसैले शैक्षिक प्रकृया र उत्पादनमा उसको प्रयोग र परिचालनले महत्व पूर्ण स्थान ओगटेको छ (श्रेष्ठ, २०६४) । नमुना विद्यालय क्षेत्रमा गरिएको अन्तर्वार्तामा शिक्षकहरु शतप्रतिशत नियमित उपस्थिति हुने गरेको, विद्यालय प्रशासनले आफ्नो बृत्तिविकासमा राम्रो सहयोग प्राप्त भैरहेको भनी ८३% शिक्षकले बताए, भने १७% ले सामान्य मात्र गरेको जानकारी दिए । यसैगरि ५०% शिक्षकले प्रभावकारी शिक्षणका लागि अभिभावकको सकारात्मक सहयोग पाएको बताए भने बाँकी शिक्षकले आफ्नो दायित्व अभिभावकले नबुझेको उल्लेख गरे ।

यस्तै प्रभावकारी शिक्षणका लागि शैक्षिक सामग्री विद्यार्थी केन्द्रित विधि राम्रो हुने धारणा ६०% शिक्षकले राखे भने अध्ययन अनुशासन, मूल्याङ्कन विद्यार्थीसँगको सम्बन्ध र व्यवस्थापन तथा प्रशासनको सहयोग भएमा शिक्षण प्रभावकारी बनाउन सकिन्छ । अध्ययनको छनौट गरिएको विद्यालयमा पुस्तकालयको अभाव रहेको, पाठयक्रम, पाठयपुस्तक, सन्दर्भसामग्री, शिक्षक निर्देशिका
शैक्षिक सामग्री समेतको अभाव भएकोले दैनिक पाठयोजना निर्माण गरी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्न कठीन भएको धारणा ७०% शिक्षकले स्वीकार गरे भने कक्षाकोठामा विद्यार्थीको संख्याका आधारमा डेक्स/बेन्च (फर्निचर) को व्यवस्था उपयूक्त हुन नसकेको १७% शिक्षकले अन्तर्वार्ताको क्रममा बताए ।

सामुदायिक विद्यालयको प्राथमिक तहमा शैक्षणिक व्यवस्थापन र भौतिक स्रोतको व्यवस्थापन सम्बन्धमा विद्यालयका अध्यक्ष, प्रधानाध्यापक लगाएत शिक्षक/शिक्षिका तथा अन्य सरोकारवालाको धारणालाई विश्लेषण गर्दा शिक्षक शिक्षका नियुक्ति, विद्यार्थी भर्ना लगायतका विषयमा आ-आफ्नो भूमिका उल्लेखनीय रहेको कुरा वि.व्य.स.ले वताएका थिए । विद्यालयमा उपलब्ध भौतिक स्रोत अप्रयाप्त भएको तथा आर्थिक स्रोत जुटाउन पहल गर्ने गरेको उल्लेख गरेका थिए ।

विद्यालयका प्रधानाध्यापकहरुले आफ्नो संस्था मा संलग्न शिक्षक कर्मचारी प्रति पूर्णरुपले सन्तुष्ट नभएको, आर्थिक एवम भौतिक स्रोतको समस्या रहेको उल्लेख गरेका थिए । त्यसै गरी शिक्षकहरुले आफ्नो वृत्ति र विकासमा प्रशासनले सहयोग गरेता पनि प्रयाप्त हुन नसकेको, प्रभावकारी शिक्षण सिकाइमा अभिभावकहरुको सहयोग प्राप्त हुन नसकेको उल्लेख गरेका थिए । यस प्रकार विद्यालयमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त तथा मानवसंसाधन सिद्धान्तको आधारमा विद्यालयका शिक्षक, प्रधानाध्यापक भौतिक स्रोतको व्यवस्थापन हुन नसकेको प्रमाणित हुन्छ । विद्यालयमा देखिएका मानवीय आर्थिक एवम् भौतिक समस्यालाई बैज्ञानिक ढङ्गबाट हल गर्नु व्यवस्थापन हो । यसरी व्यवस्थापक एवम् प्रशासकले विद्यालयको उद्देश्य पूरा हुने किसिमबाट संस्थामा संलग्न शिक्षक कर्मचारीलाई निरन्तर हौसला र प्रेरणा प्रदान गर्दै भौतिक स्रोत व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ । यसै सन्दर्भमा विष्ट ( २००४) ले उल्लेख गरे जस्तै नमुना छनौटमा परेका विद्यालयमा पनि शिक्षक तालिम प्राप्त भएता पनि आफ्नो ज्ञान, सीप, अनुभवको प्रयोग कक्षाकोठा भित्र प्रयोग हुने नगरेको, समय तालिका अनुसार चल्ने नगरेको, र मानवीयताको व्यवहार कतिपय कुरामा हुन नसक्नुले टेलर (१९११) ले उल्लेख गरे जस्तो कार्य विश्लेषण हुन नसकी वैज्ञानिक व्यवस्थापन हुन नसकेको तथ्य स्पष्ट हुन्छ ।

### ४.२.३ विद्यालयमा विद्यार्थीको नियमितता

विद्यार्थीको जीवन शिक्षा प्राप्त गर्ने समय भएकोले यस बेला मिहेनत गरेर राम्रो शिक्षा प्राप्त गर्न सक्दा जीवन सफल हुन सक्छ । निरन्तर अध्ययनशील बनेर जीवनका लागि प्राप्त गर्नु पर्ने ज्ञान सीप क्षमता आर्जन गर्नु नै विद्यार्थीको मूल उद्देश्य भएकोले सकारात्मक सोच लिएर अगाडि बढ्नुपर्छ । नमुना विद्यालय क्षेत्रमा विद्यार्थीहरु नियमित रुपमा उपस्थित भै विद्यालयमा अध्ययन गरेको, विद्यालयको समयलाई ठीकसँग पालना गरेको, कक्षाकोठामा समयमा उपस्थित भै अध्ययन गरेको कुरा अधिकांश नमुना विद्यालयका शिक्षकहरूले व्यक्त गरे ।

विद्यालयमा खेलकुद र मनोरन्जनका सामान कम भएको, खानेपानीको राम्रो व्यवस्था नभएको, शौचालयको सरसफाइ कम हुने गरेको गुनासो विद्यार्थीले सुनाए । शैक्षिक सत्रको सुरुमा नै पाठ्यपुस्तक

विद्यालयमा प्राप्त हुन नसकेको, कक्षाकोठामा डेक्स/बेन्चको अभाव, विद्यालयमा वर्षाको समयमा पानी चुहुने गरेको, विद्यालयमा चोटपटक लाग्दा प्राथमिक उपचार समेत नपाएको गुनासो अधिकांश विद्यार्थीहरूबाट पाइयो ।

यी विद्यार्थीको भनाइबाट के बुझ्न सकिन्छ भने समूदायिक विद्यालयको शैक्षणिक व्यवस्थापन पक्ष कम्जोर रहेको तथ्य स्पष्ट छ । भविष्यका कर्णधार विद्यार्थीहरूलाई समय देखि नै सर्वाङ्गिण विकासका लागि शैक्षणिक व्यवस्थापन पक्ष सबल बनाउनु पर्ने, विद्यार्थी आंचार संहिता निर्माण गरी विद्यालयमा देखिएका समस्यालाई तत्कालनै निराकरण गर्नु पर्ने देखिन्छ ।

### ४.२.४ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नियमितता

विद्यालयको निरिक्षण अनुगमन, रेखदेख, संचालन गर्न हरेक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने प्रावधान रहेको छ । उक्त समितिका अध्यक्ष अभिभावकहरु मध्येबाट ३ वर्षका लागि निर्वाचित भै आएका हुन्छन् । उनीहरुले विद्यालयलाई असल नेतृत्व प्रदान गर्दै विद्यालयमा शैक्षणिक व्यवस्थापन र भौतिक स्रोत व्यवस्थापनमा सकारात्मक भै जोड दिनुपर्छ । त्यसैले नमुना क्षेत्रभित्र परेका विद्यालयका व्यवस्थापन समितिको के धारणा रहेछ ? कसरी सहयोग प्रदान गर्दै आएका छन् ? भन्ने वारेमा अध्ययन गरी प्राप्त सूचनालाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

मोरङ सौठा स्रोत केन्द्र भित्र ६ ओटा (नमुना विद्यालयमा व्यवस्थापन समिति गठन भएको पाइयो । उक्त नमुना विद्यालयका व्यवस्थापन समितिका अध्यक्षको धारणा यसरी समेटिएको छ ।

विद्यालयको शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन तपाइले खेल्नु भएको भूमिका कस्तो छ ? भन्ने प्रश्नमा ३४% अध्यक्षले कक्षा संचालनको समयमा विद्यालयमा घुम्ने तथा शिक्षकसँग छलफल गर्ने जानकारी दिए । त्यसैगरी शिक्षणलाई प्रभावकारी बनाउन सल्लाहा दिने गरेको ५०% अध्यक्षले बताए । बाँकी १६% अध्यक्षले राम्रो भूमिका खेल्ने जानकारी दिए । समुदायबाट विद्यालयमा विद्यार्थी भर्ना गर्ने अभियानमा रहेको भूमिका सम्बन्धमा प्रश्न गर्दा ३४% अध्यक्षहरुले आफ्नो भूमिका प्रयाप्त भएको बताए भने अन्य ६६% अध्यक्षले समुदायको घर दैलोमा पुगेर नै चेतना दिने कार्य गरेको, अभिभावक भेला गराइ, विद्यार्थी भर्नामा वालऱ्याली समेत संचालन गरेको जानकारी दिए ।

विद्यमान भौतिक सुविधाका सम्बन्धमा ८३% अध्यक्षहरुले भौतिक सुविधा प्रयाप्त नभएको उल्लेख गरे भने १७% अध्यक्षले सामान्य रहेको बताए । विद्यालय भवन र कक्षाकोठा शिक्षणका लागि प्रयाप्त नभएको ६६%ले बताए भने ३४% अध्यक्षले सामान्य अवस्थामा चलिरहेको बताए । त्यस्तै डेक्स बेन्च

लगायतका भौतिक सामग्री पूरा नभएको भनी ६०% अध्यक्षले उल्लेख गरेका थिए । यसै गरी विद्यालयमा खानेपानी, खेलकुद, मैदान र शौचालय सम्बन्धमा गरेको प्रश्नमा ७३% अध्यक्षले खेलमैदानको अभाव रहेको बताए भने १७% अध्यक्षले प्रयाप्त मात्रामा खेल्न मैदान भएको बताए । खानेपानी र शौचालयका सम्बन्धमा ८३% ले शुद्ध पानीको अभाव रहेको र शौचालय सु-व्यवस्थित नभएको बताए भने १७% अध्यक्षले प्रयाप्त रहेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्षले स्रोत व्यवस्थापन सम्वन्धी धारणालाई विश्लेषण गर्दा अधिकांश अध्यक्ष विद्यालयको प्रगतिका लागि सक्रियरुपमा लाग्ने गरेको तर त्यसका लागि वैज्ञाननिक ढंगबाट अगाडि बढ्न नसकेको तथ्यले प्रमाणित गर्दछ ।

### ४.२.५ गृहकार्यको नियमितता

कक्षा शिक्षणको अन्त्यमा विद्यार्थीलाई घरबाट पढेर लेखेर केही बस्तु बनाएर सङ्कलन गरेर सिकेका कुरालाई अझ स्थायी बनाउन स्वअध्ययन र मनन गर्न सिर्जनात्मक क्षमताको विकासगर्न गृहकार्य आवश्यक छ । नमुना विद्यालयमा गएर शिक्षक सँग गृहकार्यका सम्वन्धमा प्रश्न गर्दा ८३% ले प्रशस्त गृहकार्य दिने गरेको छ भनी बताए भने १७% ले सामान्य रुपले गृहकार्य दिएको बताए । अधिकांश विद्यार्थीले गृहकार्य गर्ने गरेको र थोरैले मात्र आलटाल गरी घरबाट गृहकार्य नगरेको पाइयो । गृहकार्य विद्यार्थीका लागि बोझ हुनुहुदैन । बालकको रुचि क्षमता ख्यालगरी, सान्दर्भिक, उपयोगी, सङ्क्षिप्त, सिकाईप्रति उत्साह र जाँगर पैदा गर्न सक्ने हुन आवश्यक छ ।

### ४.२.६ अतिरिक्त क्रियाकलापको नियमितता

विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापहरूले विद्यार्थी जीवनमा आइपर्ने समस्याहरूलार्य सामना गर्ने, समय र परिस्थिति अनुसार आफूलाई समायोजन गर्ने क्षमता, जीवन उपायोगी सीप, प्रजातान्त्रिक आचरणहरू सिक्ने, कर्तव्य वोध हुने, असल नागरिकमा हुनुपर्ने गुणहरू समेत प्रयोगात्मक रुपमा प्राप्त गर्न सक्दछन् । नमुना विद्यालयमा गरिएको अध्ययनमा ६६% विद्यालयहरूमा अतिरिक्त क्रियाकलापको कार्य तालिका बनाइ कार्यक्रम सोहि अनुरुप गर्ने बताए भने ३४% विद्यालयमा हप्ताको एकपल्ट अनिवार्य विभिन्न क्रियाकलापहरू गर्ने र त्यसमा सदनात्मक रुपमा प्रतिस्पर्धा गर्ने गरेको पाइयो । अतिरिक्त क्रियाकलापको मूल लक्ष्य विद्यार्थीको मनोभावना अनुरुप उनीहरूमा भएको प्रतिभालाई पहिचान गरी स्वावलम्वी, सहयोगी र समर्पित गराई सकारात्मक प्रवृत्ति, सीप र प्रतिभाको विकास गर्नु हो । त्यसकारण प्रत्येक विधाका प्रतिभाप्रति आदरगर्ने, सकारात्मक दृष्टिकोणले हेर्ने, कार्यक्रम संचालन गर्दा सबैलाई पायक पर्ने योजनाबद्ध रुपमा गर्नु पर्दछ ।

### ४.२.७ कक्षा समयको नियमितता

विद्यालयको शैक्षणिक व्यवस्थापनमा कक्षा समयको नियमितताको महत्वपूर्ण स्थान रहेको हुन्छ। नमुना विद्यालयहरूको समय नियमितताको अध्ययन गर्दा ८४% शिक्षकहरू समयमा विद्यालय पुग्ने र कक्षामा पनि घण्टी लाग्ने वित्तिकै कक्षामा प्रवेस गर्ने र अध्यापन संञ्चालन गर्ने गरेको पाइयो भने १६% शिक्षकहरू समयमा विद्यालय आए पनि ढिलो गरी कक्षामा प्रवेस गर्ने गरेको पाइयो। अधिकांश शिक्षकहरू लिजर घण्टीमा खाली रहेको कक्षामा अध्यापन गर्नलाई नगएको पाइयो। कक्षाकोठामा अधिकांश विद्यार्थीहरू समयमानै आएपनि बीचमानै कक्षा छोडी केही विद्यार्थी हिड्ने गरेको पाइयो। यसका लागि प्र.अ. र शिक्षकले कुनै कारवाही नगरेको पाइयो। कुनै पनि विद्यालयमा नियमित शिक्षक विद्यार्थी नियमितता, शिक्षकहरूको कार्य सम्पादन स्तर, शैक्षिक सामग्रीको उपयोग, शिक्षण विधिको प्रयोग, अतिरिक्त क्रियाकलापहरूमा शिक्षक विद्यार्थीहरूको सहभागीता बारेमा नियमित अवलोकन निरीक्षण हुन जरुरी छ।

## ४.३ विद्यालयको शैक्षणिक व्यवस्थापनका समस्या र चुनौतिहरु

शिक्षाको आधारशिला मानिएको सामुदायिक विद्यालयहरुको प्राथमिक तहमा शैक्षणिक व्यवस्थापनका सम्बन्धमा नमुना विद्यालयमा अध्ययन गर्दा देखिएका समस्या र चुनौतिहरुलाई निम्नअनुसार उल्लेख गरिएको छ।

### ४.३.१ शैक्षिक सामग्रीसँग सम्बन्धित चुनौतिहरू

मोरङ जिल्ला सौठा स्रोत केन्द्र भित्रका सामुदायिक नमुना विद्यालयहरूमा शैक्षिक सामग्रीहरू विद्यार्थीको स्तर अनुसार नहुनु, सही आकृति र रङ भएका नहुनु, एकठाउँबाट अर्को ठाउँमा लैजान कठीन हुनु, स्थानिय शैक्षिक सामग्रीको निर्माण गर्न नसक्नु, शैक्षिक सामग्री उद्देश्यमूलक, खतरामुक्त ठाउँमा सबै विद्यार्थीले देख्न, सुन्न, चलाउन सक्ने स्थानमा नराख्नु, सामग्री प्रयोगमा सबै विद्यार्थीहरूको पहुँच नपुग्नु, पाठशीर्षक निष्कर्ष, जटिल बुदाहरू, चित्रहरू कोर्न तथा नक्सा कोर्न आर्कषक नहुनु, विषय र पाठ अनुसार शैक्षिक सामग्रीको छनौट र प्रयोग गर्न नसक्नुले गर्दा शैक्षणिक व्यवस्थामा समस्या र चुनौति रहेको छ।

### ४.३.२ पुस्तकालय सँग सम्बन्धित चुनौतिहरू

नमुना विद्यालयहरूमा पुस्तकालयलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न नसकेको र सर्न्दभ सामग्री पुस्तकालयमा उपलब्ध गराउन कठीन भएको, कर्मचारी व्यवस्थापन गर्न नसकेको पुस्तकालय सञ्चालन

पुरानै परिपाटीबाट भै रहेकोले गर्दा नमुना विद्यालयहरूमा पुस्तकालय सञ्चालनमा ठूलो चुनौति रहेको छ। विद्यालयमा आवश्यक पर्ने सन्दर्भ सामग्रीहरू समयमा उपलब्ध नहुनु, व्यवस्थित ढङ्गले पुस्तकहरू नराख्नु, भै रहेका सामग्रीलाई संरक्षण गर्ने परिपाटी नहुनु जस्ता चुनौति हाल सम्म पनि रहेका छन्।

### ४.३.३ प्रयोगशाला संग सम्वन्धित चुनौतिहरू

विद्यालयमा शिक्षण सिकाई क्रियाकलाप सहज ढङ्गले सञ्चालन गर्न प्रयोगशाला व्यवस्थित गर्न नमुना विद्यालयहरूलाई व्यवस्थित कोठाहरूको अभाव प्रयोगशालामा राख्ने सामग्री महङ्गा भएकोले विद्यालयबाट खरिद गरेका सस्ता सामग्री मात्र राखिएकोले छिटै बिग्रिने, फुट्ने समस्या भएको सामग्रीहरूको जिम्मा निश्चित शिक्षकहरूलाई मात्र सञ्चालन गर्न दिने परिपाटीले गर्दा राम्रो तरिकाबाट प्रयोगशालाको सञ्चालनमा चुनौति रहेको छ।

### ४.३.४ बसाई व्यवस्थापन संग सम्वन्धित चुनौति

नमुना विद्यालयहरूमा अधिकांश शिक्षकहरूले अपाङ्ग विद्यार्थीलाई व्यवस्थित गरेर राख्न नसकेको, जुन विद्यार्थी पहिले आउँछ उसैलाई अगाडि डेक्स बेन्चमा राख्ने परिपाटी रहेको छ। कक्षाकोठामा हावा, प्रकाश, बत्ती विद्यार्थी हलचल गर्ने ठाउँ, शैक्षिक सामग्रीको प्रयोग गर्ने र राख्ने ठाउँको व्यवस्था उपयुक्त नभएको, कक्षाकोठामा विद्यार्थीको उमेर र उचाइ अनुसार डेक्स, बेन्च नभएको, विद्यार्थीको संख्या अनुरुप कक्षाकोठा र डेक्स बेन्चमा बुककर्नरको व्यवस्था नभएकोले नमुना विद्यालयहरूमा शिक्षण गर्न चुनौति रहेको छ।

### ४.३.५ शिक्षक व्यवस्थापन सँग सम्बन्धित चुनौतिहरू

नमुना विद्यालयहरूको शिक्षक व्यवस्थापनमा शिक्षकहरूको परिचालन र समन्वय नहुनु विद्यालयमा तालिम प्राप्त शिक्षक अझै रहिरहनु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक संख्या नहुनु, शिक्षक नियूक्तिमा लैङ्गिक समानता नहुनु, तालिममा शिक्षक पठाउदा सट्टा शिक्षकको व्यवस्था नहुनु, न्यूनतम शैक्षिक योग्यता भएका शिक्षकले माथिल्लो कक्षा सम्म गई अध्यापन गर्नु, तालिम प्राप्त शिक्षकले पनि तालिमबाट आएपछि सिकेका कुराहरू प्रयोगमा नल्याउनु, शिक्षक राजनैतिक दलको कार्यकर्ता बन्नु, शिक्षक नियूक्ति पनि विभिन्न प्रकारका हुनु शिक्षक व्यवस्थापनमा चुनौति रहेकाछन्।

### ४.३.६ शिक्षण विधि सगं सम्बन्धित चुनौतिहरू

शिक्षणसिकाई कार्य अत्यन्त जटिल प्रकृया भएकोले यसमा धेरै समस्या र चुनौतिहरू रहेकाछन्। शिक्षण विधिको ज्ञान र त्यसको उचित प्रययोगको कमि, शिक्षण विधिको ज्ञानले शिक्षकलाई मर्यादित,

नैतिकवान, इमान्दार, कर्तव्यनिष्ठ, जागरिलो बनाउन नसक्नु, शैक्षिक संस्थाहरूको संख्याको वृद्धि भएपछि पाठ्यपुस्तकको अभावमा प्रवचन विधिलाई मूख्य शिक्षण विधिको रुपमा लिनु, बालमनोविज्ञानमा आधारित बालकेन्द्रित विधि तथा सूचनाप्रविधि संग सम्वन्धित नयाँनयाँ विधि प्रयोग नगर्नु, पाठ्यक्रम सम्वन्धी विषय वस्तुको विस्तृत ज्ञान शिक्षकमा नहुनु, बालबालिकामा सिक्ने क्षमता, अभिरुचिको विकास तथा मानसिक, शारीरिक, बौद्धिक विकासको ज्ञान नहुनु, शिक्षकमा विभिन्न शिक्षण विधि र नमुना छानेर अध्यापन गर्ने सीप र कला नहुनु, उद्देश्यमूलक ढङ्गले सहजरुपमा कक्षा शिक्षण गर्नका लागि विषय वस्तुको प्रकृति अनुसार कस्ता कस्ता शिक्षण विधिहरूको प्रयोग गर्नुपर्छ भन्नेकुरा थाहानहुनु, उपयुक्त शैक्षिक वातावरणको कमि, शिक्षकमा विषय वस्तुको ज्ञानको कमि, शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा कमि, समावेशी, समाहित शिक्षण प्रकृया अवलम्बन नहुनु, पाठ्यपुस्तक कण्ठ गर्ने प्रवृति रहनु, शिक्षकमा अत्माविश्वासको कमि हुनु, शिक्षक पेशा प्रति उत्तरदायी र जिम्मेवार नहुनु, शिक्षण विधिमा रहेका चुनौतिहरू छन् ।

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ अध्ययनको प्राप्ती

यस अध्ययनले नमुना छनौटमा परेका मोरङ सौँठा स्रोत केन्द्रमा पर्ने ६ ओटा सामुदायिक विद्यालयको शैक्षणिक व्यवस्थापनमा केन्द्रित रहि गरिएको अध्ययनमा प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्या गरिएको छ । सामुदायिक विद्यालयहरुमा अध्यापन गर्ने शिक्षक, प्रधानाध्यापक र विद्यालय

व्यवस्थापन समितिहरुसँग अन्तर्वाता, छलफल, विद्यालयको स्थलगत अवलोकन, विद्यालयमा राखिएका अभिलेख र प्रश्नावली भराइ आएका तथ्याङ्कको तपसिल बमोजिम प्रस्तुत गर्ने काम गरिएको छ।

**क) विद्यालयमा शैक्षणिक व्यवस्थापनको अवस्था**

सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकले तालिम पुरा नगरी शिक्षण पेशामा संलग्न भएको पाइन्छ। क्रमश शिक्षण अवधिमा नै अधिकांश शिक्षकले तालिम लिएको देखियो। विद्यालयमा अध्यापन गर्ने अधिकांश (६३%) पुरुष शिक्षक कार्यरत छन्, भने महिला शिक्षिका (३७%) अध्यापन कार्यमा संलग्नछन्। यसले के देखाउछ भने शिक्षण कार्यमा महिलाहरुको संलग्नता कम रहेको पुष्टी गरको छ। सामुदायिक विद्यालयमा आधा शिक्षकहरु मात्र स्थायी रहेको देखिन्छ भने बाँकी शिक्षक अस्थायी रहेको देखिन्छ। शिक्षक नियुक्तिमा पनि विविधता रहेको देखिन्छ। शिक्षकले अधिक कार्यभार बहन गर्नु पर्नाले कार्यक्षमता र सिकाइ उपलब्धिमा प्रभावित भएको देखिन्छ।

यसैगरी केही विद्यालयमा कर्मचारी नभएकोले, शिक्षकले नै काम गर्नु पर्ने अवस्था विद्यमान छ। अधिकांश (अस्थायी - निजी) शिक्षकहरु को तलबमान व्यवस्थापन र शिक्षकको सहमती अनुसार दिने गरेको अध्ययनले देखाएको छ। यसकार्यले शिक्षकहरुको उत्प्रेरणामा प्रभाव पर्ने देखिन्छ। सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थी मध्ये छात्राहरुको संख्या बढी रहेको छ। यसले सरकारी विद्यालयमा छोरीलाई भर्ना गरिदिने सामाजिक प्रचलनलाई प्रष्ट्याउछ। समाजमा रहेको विद्यमान लैङ्गिक विभेदलाई समेत उजागर गरेकोछ। त्यसैगरी विद्यालयमा नियमित रुपमा विद्यार्थीको उपस्थिति कम रहेको देखिन्छ। त्यसको प्रभाव सिकाई उपलब्धिमा परेको देखिन्छ खासगरी सामुदायिक विद्यालयमा मजदुरी गर्ने, न्यून आयस्तर भएका अभिभावकका छोराछोरी पढ्ने हुनाले नियमिततामा अभिभावकले ख्याल नगरेको देखिन्छ। कतिपय विद्यालयलाई चाहिने न्यूनतम, भौतिक पूर्वाधारहरु नभएको अधिकांश विद्यालयमा पुस्तकालय र वाचनालयको व्यवस्था नहुनु, कतिपय प्रधानाध्यापकहरुलाई शिक्षा नियमावली २०५९ को नियम ९४ मा भएको प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार स्पष्ट नहुनुले समग्र विद्यालयको लक्ष्य र उद्देश्य प्राप्तिमा प्रभाव पार्दछ।

विद्यालय समस्या समाधानका लागि बैठक, छलफलको आयोजना गरिने, त्यहाँ अध्यक्ष लगायतका पदाधिकारीको रचनात्मक सहयोग प्राप्त हुने भएता पनि विद्यालयमा उपलब्ध शिक्षक/कर्मचारी दरबन्दी संख्या प्रति प्र.अ.ले असन्तुष्ट जनाएकाछन्। त्यसैगरी प्राय सबै जसो शिक्षकबाट प्र.अ. लाई सहयोग हुने भएता पनि विद्यालयमा रहेको स्रोत अभावले शैक्षणिक व्यवस्थापनको जटिलतामा समस्या आउने देखिएको छ।

शिक्षकहरुले विद्यालयको शिक्षण सिकाइमा खेलेको भूमिकाप्रति सम्पूर्ण प्र.अ. हरु सन्तुष्ट छन्, भने शिक्षक पनि नियमित विद्यालयमा उपस्थित भै आफ्नो पेशाप्रति प्रतिवद्ध रहेको अवस्था विद्यमान रहेको छ । शिक्षकहरु विद्यालयमा अभिभावकहरुको चासो बढ्नु पर्ने धारणा राख्दछन्, भने प्रभावकारी शिक्षण सिकाइका लागि नियमितता, अध्ययन, अनुसन्धान मूल्याङ्कन विद्यार्थी केन्द्रित विधि, सामग्रीको प्रयोगमा प्रशासनको सहयोग आवश्यक पर्ने देखिन्छ । त्यस्तै गरी वि.व्य.स. चुस्त, दुरुस्त, पक्षपात रहित हुनुपर्ने धारणा समेत शिक्षकहरुले उल्लेख गरेका छन् ।

**ख) विद्यालयमा नियमित पठनपाठनको स्थिति**

नमुना विद्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारीको संख्या प्रति अधिकांश प्र.अ.हरुको धारणा असन्तुष्टि रहेको व्यक्त गरे । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात नमिलेको, विद्यार्थीहरु पनि विद्यालयमा नियमित आउने नगरेको, शिक्षकमा नियमितता भए पनि लिजर घण्टीमा अर्को कक्षा लिन अनुरोध गर्दा सकारात्मक जवाफ नआएको कुरा प्र.अ.हरुले बताए । तालिम अप्राप्त शिक्षकलाई तालिमको अवसर प्राप्त गरे पनि तालिम लिइ फर्के पछि आफुले प्राप्त गरेको ज्ञान, सीप, अनुभव कक्षा शिक्षणमा प्रयोग नगरेको गुनासो पाइयो । कक्षा कोठामा समय तालिका अनुसार नै शिक्षक गएता पनि विद्यार्थी केन्द्रित शिक्षण विधि बालकेन्द्रित शिक्षण विधि र शैक्षिक सामग्रीको कम प्रयोग भएको पाइयो ।

**ग) शैक्षणिक व्यवस्थापनसँग सम्बन्धित समस्या र चुनौति**

नमुना विद्यालयहरुमा सबै शिक्षकहरु स्थायी छैनन् । शिक्षक आफ्नै कर्मचारीको काम गर्न वाध्य छन् । छात्रहरु भन्दा छात्राहरुको संख्या बढी देखिन्छ । छोरालाई निजी विद्यालय र छोरीलाई सरकारी विद्यालयमा पठाउने परिपाटीले लैङ्गिक विविधता देखिएको छ । विद्यालयमा विद्यार्थी पनि अनियमित हुने समस्या अध्ययनको क्रममा जानकारी भयो । शिक्षकले जिम्मेवारीपूर्ण तरिकाले काम सम्पादन गर्न सकिरहेका छैनन् । आफ्नो सेवा क्षेत्र भित्र रहेका विद्यालय जाने उमेरका बालबालिका अझै पढ्न आएका छैनन्, तिनीहरुलाई विद्यालयसम्म कसरी पुऱ्याउँने भन्ने समस्या अझै रहेको छ । कसरी शतप्रतिशत विद्यार्थीलाई प्राथमिक तहमा उर्त्तीण गराउन सकिन्छ भन्ने जस्ता समस्या र चुनौति अझै रहेका छन् ।

## ५२ अध्ययनको निष्कर्ष

यस अध्ययनमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरिएको आधारमा अधिकांश विद्यालयकहरुमा शिक्षक दरबन्दी अभाव, तालिम प्राप्त शिक्षक कम हुनु, न्यूनतम शैक्षिक योग्यता प्राप्त शिक्षकको संख्या अधिक हुनु, महिला शिक्षिकाको संख्या कम हुनु, तालिम, ज्ञान, सीपको प्रयोग गर्न उपयुक्त वातावरण

नहुनु, शिक्षक, प्र.अ. समितिको बीचमा राम्रो सम्बन्ध स्थापित भए पनि विद्यालयका समस्याहरु यथावत नै रहनु, कर्मचारीको उचित प्रबन्ध गर्न नसक्नु, अभिभावक तथा समितिका पदाधिकारीहरु विद्यालय प्रति निष्क्रिय हुन, शिक्षकहरुलाई तालिममा जाने व्यवस्था उपयुक्त ढङ्गले नहुनु, अधिकांश विद्यालयहरमा विद्यालय सुधार योजना (SIP) को कार्यन्वयन पक्ष फितलो भएको निष्कर्ष अध्ययनबाट निकालिएको छ ।

### ५.३ अध्ययनको सुझावहरु

सामुदायिक विद्यालयहरुको शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका सम्वन्धी शीर्षकमा गरिएको अध्ययनको निष्कर्ष प्राप्तिका आधारमा निम्न अनुसारको सुझावहरु प्रदान गर्न सकिन्छ ।

#### ५.३.१ नीतिगत तह

विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न जिल्ला शिक्षा कार्यालय मार्फत तालिम दिने व्यवस्था गर्न सकिन्छ । यसका लागि शिक्षकको नियुक्ति पश्चात कम्तिमा आधारभूत शिक्षण तालिम दिने नीति लिनु पर्ने हुन्छ ।

विद्यालयमा शिक्षक नियुक्ति गर्दा सेवा प्रवेशको एउटै आधार खडा गरिनु पर्दछ । शिक्षकहरु अस्थायी, राहत वा निजि राखिनु हुदैन । सेवा प्रवेशका लागि एउटै पक्ष वा क्षेत्रले एकद्वार प्रणाली लागू गर्नु पर्छ । विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको दरबन्दी मिलान गर्दै नपुग शिक्षक दरबन्दी थप गर्दै पूर्ति गर्नुपर्दछ ।

विद्यालयमा देखिएका भौतिक स्रोतको अभावलाई कम गर्न, भौतिक स्रोत कम भएका विद्यालयको पहिचान गरी न्यूनतम भौतिक सुविधा राज्यले प्रदान गर्ने निति बनाउनु पर्दछ ।

विद्यालय व्यवस्थापन समिति, अभिभावक समेतलाई सक्रिय बनाई विद्यालयको विकासका लागि प्रयोग गर्न सामाजिक सचेतना कार्यक्रम संचालन गर्ने निति बनाइनुपर्छ ।

#### ५.३.२ अभ्यास तह

सामुदायिक विद्यालयमा अध्ययनरत शिक्षकहरुलाई माथिल्लो शैक्षिक योग्यता लिन व्यवस्थापन समितिका अध्यक्ष तथा प्र.अ. सदैब उत्प्रेरित हुनुपर्छ । यसवेला असजिलो कम गर्न बैकल्पिक उपाय अपनाउन सकिन्छ । हरेक विद्यालयमा कम्तिमा एक जना कर्मचारीको नियुक्ति

तत्काल गरिनु पर्दछ । विद्यालयसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्नेहरुको सक्रिय सहभागितामा विद्यलाय सुधार योजना (SIP) निर्माण हुनपर्दछ । कक्षा कोठाहरु साना उमेर विद्यार्थीका लागि उपर्युक्त ( स्वच्छ हावा, उज्यालो प्रकास, बस्नलाई मिल्ने डेक्स, बेन्च, बुक कर्नर सहितको) हुनुपर्ने सबै जसो विद्यालयहरुमा सुविधा सम्पन्न बालकक्षाको व्यवस्था हुनपर्ने, कम उमेरका बालबालिकाहरुलाई एक कक्षामा भर्ना हुनु अघि यस कक्षामा भर्ना हुने व्यवस्था मिलाइनु पर्ने । शिक्षकहरुले तालिम लिइ सकेका भए पनि थप पुनः ताजगी तालिमको व्यवस्था हुनु पर्ने, विद्यार्थीहरुले शैक्षिक सत्रको प्रारम्भमा नै पाठ्यपुस्तक पाए नपाएको सम्बन्धमा अनुगमन हुनुपर्ने । विद्यालयमा पढ्न नआउने बालबालिकालाई विद्यालयमा ल्याउन तथा विद्यालयमा भर्ना भै कक्षा छोड्ने र उही कक्षा दोहोर्‍याउने जस्ता शैक्षिक क्षतिलाई हटाउन विद्यालय सुधार योजनामा विशेष प्याकेज कार्यक्रम समावेश गरी कार्यन्वयन हुनपर्ने । विद्यालय संचालनमा पारदर्शिता ल्याउन सामाजिक परीक्षण समिति गठन गरी यसलाई सक्रिय बनाइनुपर्छ ।

कतिपय विद्यार्थी नियमित उपस्थिति नहुने, कक्षा छोड्ने, भएकोले यिनीहरुलाई नियमित गराउन एक समिति निर्माण गरी उक्त समितिले विद्यार्थी अनियमित हुनुका कारण पहिचान गरी नियमित उपस्थितिको वातावरण निमार्ण गर्ने । कम्पाउण्डवालको प्रवन्ध नभएका विद्यालयहरुमा तत्कालै अस्थायी घेराबारा लगाई सक्रियता देखाउनुपर्छ ।

त्यसैगरी विद्यालयमा भोगिरहेको आर्थिक भौतिक एवम् शैक्षिक समस्याहरु समाधानका लागि प्रत्येक महिनामा प्र.अ.ले अनिवार्य रुपमा अध्यक्ष, व्यवस्थापन समितिका पदाधिकारी, अभिभावक प्रतिनिधि, शिक्षकका बीचमा छलफल संचालन गर्नुपर्छ ।

### ५.३.३ अनुसन्धान तह

सामुदायिक विद्यालयहरुको शैक्षणिक व्यवस्थापनको सुधार गर्न शिक्षकहरुको महत्वपूर्ण भूमिका हुने भएकोले शिक्षकको योग्यता, क्षमता, दक्षता बढाइ विद्यालयको समग्र पक्षमा प्रभावकारिता बढाउन आवश्यक देखिन्छ । सबै विद्यालयमा बालकक्षाको व्यवस्था हुनुपर्ने, प्राथमिक शिक्षालाई अनिवार्य गर्न राज्यबाट आवश्यक कानुनी व्यवस्था हुनुपर्ने, कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या नभएका कारण आफ्नो अस्तित्वनै गुमाउन सक्ने अवस्था भएकोले नक्साङ्कनको आधारमा विद्यालय स्थापना हुनुपर्ने, विद्यार्थीको संख्या उचित हुन नसके प्राथमिक विद्यालयलाई नजिकैको उच्च तहका विद्यालयमा गाभी शिक्षकहरु समायोजन गरिनु पर्ने । प्राथमिक विद्यालयमा प्र.अ. हुनका लागि बी.एड्. शिक्षकहरुलाई प्राथमिकता दिनुपर्ने । शैक्षिक जनशक्ति विकासकेन्द्रबाट व्यवस्था भएको विद्यालय

व्यवस्थापन सम्बन्धि तालिमको प्याकेज परिमार्जन गरी समय सापेक्ष, व्यवहारिक तथा सीपमूलक बनाइ, यस भित्र प्रयोगात्मक कक्षा, नमुना विद्यालयको अवलोकन, भ्रमण जस्ता विषयहरु समावेश गरिनु उपयुक्त हुन्छ। पाठ्यपुस्तक सम्बन्धी गलत लेखिएका शब्दहरु र वाक्यहरुलाई समयमै सुधार गर्नुपर्छ। विद्यालयमा शिक्षाको समग्र पक्षको विकास, विस्तार र सुधारको लागि सरकारले प्राथमिक शिक्षामा लगानी बढाउनु पर्ने अवस्था देखिन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, जितबहादुर (२००९), *प्राथमिक विद्यालयमा स्रोत परिचालनको प्रक्रिया, समस्या, चुनौति र मुद्दा,* स्नातकोत्तर तह, एम.एड. केन्द्रिय क्याम्पस कीर्तिपुर, काठमाडौ ।

कानुन किताब व्यवस्थापन शाखा (२०५९), *शिक्षा नियमावली,* काठमाडौ : शिक्षा तथा खेलकुद मन्त्रालय ।

खनाल, हरिबोल (२०६४), *शैक्षिक गुणस्तर शिक्षा मासिक पत्रिका,* अङ्क - ६४:१५, काठमाडौ : ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड ।

सेरिड (२००२),*फर्मेटिभ अनुसन्धान परियोजना,* काठमाडौ : लेखक ।

मैनाली, रमेशप्रसाद(२०५६), *विद्यालय सुव्यवस्थापनमा प्रधानाध्यापकहरूले सामना गर्नु परेका कठिनाइहरू एक अध्ययन, स्नातकोत्तर तह एम.एड.को (अप्रकाशित शोधपत्र)* : त्रि.वि.केन्द्रिय क्याम्पस, कीर्तिपुर, काठमाडौ ।

भट्राई, ईश्वरीप्रसाद (२०६१), *विद्यालय शिक्षा सुधारका लागि, प्रधानाध्यापक, शिक्षक तथा समाजसेवीको भुमिकाको अध्ययन,* अप्रकाशित शोधपत्र, काठमाडौ : महेन्द्र रत्न क्याम्पस ताहाचल ।

भट्राई, गोपाल (२०६५), *माध्यमिक तहमा शैक्षणिक योजनाको प्रभावकारिता,* स्नातकोत्तर तह, एम्.एड्. केन्द्रिय क्याम्पस कीर्तिपुर, काठमाडौ ।

विष्ट, चन्द्रबहादुर (२००४), *मानव स्रोत व्यवस्थापन,* स्नातकोत्तर तह, एम.एड. केन्द्रिय क्याम्पस, कीर्तिपुर, काठमाडौ ।

शर्मा, गोपिनाथ, (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाण्डौः मकालु वुक्स एण्ड स्टेसनर्स ।

शर्मा, चिरन्जिवी (२०६०), *शिक्षाको परिचय,* काठमाडौ : एक. के. पब्लिसर्स एण्ड डिस्ट्रीव्यूटर्स ।

शिक्षा विभाग (२००५), *प्राथमिक विद्यालयका प्रधानाध्यापक तालिमको कार्यान्वयनको प्रभावकारिता,* भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६४), *सक्षमतामा आधारित एक महिने विद्यालय व्यवस्थापन तालिम पुस्तिका,* भक्तपुर : लेखक ।

सिग्देल, बासुदेब, श्रेष्ठ, चन्द्रबहादुर तथा साथीहरू (२०६०), *शैक्षिक प्रशासन र सुपरीवेक्षण,* काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

सिह, नागेश्वर (२०६१), *शैक्षिक मनोविज्ञान,* काठमाडौ : मकालु बुक्स हाउस ।

अनुसूची १

# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

मोरङ जिल्लाको सौठा स्रोतकेन्द्र भित्र संचालित सामुदायिक विद्यालयको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम |
|---|---|---|---|
| १ | श्री सौठा उच्च मा.वि., | सिजुवा-८ | श्री बिनोद लिम्वू |
| २ | श्री सरस्वती मा.वि. | सिजुवा -५ | श्री यज्ञनाथ भट्टराई |
| ३ | श्री सिजुवा मा.वि. | सिजुवा -३ | श्री तिलबहादुर बस्नेत |
| ४ | श्री सिद्धकाली मा.वि. | सिजुवा-८ | श्री घनश्याम तिम्सिना |
| ५ | श्री हिमालय प्रा.वि. | सिजुवा - ६ | श्री नरेन्द्र चौहान |
| ६ | श्री जनता प्रा.वि. | सिजुवा - १ | श्री जनककुमार खड्का |
| ७ | श्री कालिका प्रा.वि. | सिजुवा -८ | श्री पुष्पप्रसाद पोखेल |
| ८ | श्री संस्कृत प्रा.वि. | सिजुवा -३ | श्री लेखबहादुर बस्नेत |
| ९ | श्री नारायण प्रा.वि. | सिजुवा-२ | श्री गुरुप्रसाद दाहाल |
| १० | श्री ओमकारेश्वर प्रा.वि. | सिजुवा -७ | श्री खगेन्द्रबहादुर राई |
| ११ | श्री मा.वि. लेटी | गोविन्दपुर- | श्री रुपनारायण मिश्र |
| १२ | श्री सुनवर्षी उच्च मा.वि. | गोविन्दपुर-४ | श्री बुद्धिबहादुर अधिकारी |
| १३ | श्री गजधर मा.वि. | गोविन्दपुर -५ | श्री दिपचन्द्र शर्मा |
| १४ | श्री नि.मा.वि. पटियापाडा | गोविन्दपुर - ९ | श्री भगवान दास |
| १५ | श्री सार्वजानिक नि.मा.वि. | गोविन्दपुर -२ | श्री नारायण ब. खड्का |
| १६ | श्री प्रा.वि. लारिकट्या | गोविन्दपुर ७ | श्री जीवनलाल ठाकुर |
| १७ | श्री सन्यासी प्रा.वि. | गोविन्दपुर-६ | श्री भरतलाल दास |
| १८ | श्री शान्तीक्षेत्र प्रा.वि. | गोविन्दपुर -८ | श्री भूपेन्द्र दास |
| १९ | श्री जनप्रिय प्रा.वि. | गोविन्दपुर -५ | श्री जनन्नाथ दास |
| २० | श्री नजमिया बहुमुखी प्रा.वि. | गोविन्दपुर | श्री महमद अख्तर रजा |
| २१ | श्री सरस्वती उच्च मा.वि. | इटहरा-७ | श्री टिकेन्द्र पोमू |
| २२ | श्री महेन्द्र उच्च मा.वि. | इटहरा -२ | श्री ज्ञानेन्द्र प्र. भट्टराई |
| २३ | श्री जनता मा.वि. | इटहरा -३ | श्री चन्द्र पराजुली |

| | | | |
|---|---|---|---|
| २४ | श्री हिमालय नि.मा.वि. | इटहरा -८ | श्री मुरारी पौडेल |
| २५ | श्री महेन्द्र नि.मा.वि. | इटहरा -९ | श्री विष्णुकुमार राई |
| २६ | श्री रत्नडिक प्रा.वि. | इटहरा -४ | श्री भेषबहादुर थापा |
| २७ | श्री बालविकास प्रा.वि. | इटहरा-५ | श्री टिकाराम भट्टराई |
| २८ | श्री पाथिभरा प्रा.वि. | इटहरा -६ | श्री अरुणकुमार चौधरी |
| २९ | श्री कटनु प्रा.वि. | इटहरा - ७ | श्री लक्ष्मी घिमिरे |
| ३० | श्री दुर्गा मा.वि. | इटहरा -६ | श्री जीतबहादुर कटुवाल |

स्रोत : स्रोतकेन्द्र, सौँठा, २०६९

अनुसूची - २

# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

मोरङ जिल्ला सौठा स्रोतकेन्द्र क्षेत्र भित्रका छनौटमा परेका सामुदायिक विद्यालयको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री सौठा उच्च मा.वि. | सिजुवा - ८ |
| २. | श्री संस्कृत प्रा.वि. | सिजुवा - ३ |
| ३ | श्री दुर्गा मा.वि. | इटहरा -६ |
| ४ | श्री कटनु प्रा.वि | इटहरा - ७ |
| ५ | श्री सुनवर्षी उच्च मा.वि. | गोविन्दपूर - ४ |
| ६ | श्री सिद्धकाली मा.वि. | गोविन्दपूर - २ |

अनुसूची - ३

# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

छनौटमा परेका विद्यालय तथा व्यक्तिको विवरण

| क्र. सं. | विद्यालयको नाम | प्र.अ.को नाम | वि.व्य.स. अध्यक्षको नाम | शिक्षकको नाम |
|---|---|---|---|---|
| १ | श्री सौँठा उच्च मा.वि. | श्री विनोद लिम्वू | जीवन पनेरु | श्री फौद ब. चौहान |
| २ | श्री संस्कृत प्रा.वि. | श्री लेख ब. बस्नेत | श्याम सेडाई | श्री घनश्याम आचार्य |
| ३ | श्री दुर्गा मा.वि. | श्री जीत ब. कटुवाल | श्री गोपाल कार्की | श्री तुलसी प्र. पोखेल |
| ४ | श्री सुनवर्षी उ. मा.वि. | श्री बुद्धि ब. अधिकारी | श्री भगतलाल शर्मा | श्री हेमचन्द्र गौतम |
| ५ | श्री कटनु प्रा. वि | श्री लक्ष्मी घिमिरे | श्री धन ब. खत्री | श्री इन्दिरा सिलवाल |
| ६ | श्री सिद्धकाली मा.वि. | श्री घनश्याम तिम्सिना | गन्जबहादुर राई | श्री चिरन्जीवी काफ्ले |

अनुसूची - ४

## शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

प्रश्नावली

प्रधानाध्यापकको नाम : विद्यालयको नाम :

अनुभव : ठेगाना :

तलका प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याइ दिनुहुन प्र.अ.ज्यूहरुलाई अनुरोध गर्दछु ।

१. नयाँ शैक्षिक सत्र शुरु हुनु अगावै विद्यालयको वार्षिक योजना कार्यक्रम बनाउदा कसरी बनाउने गरिएको छ ?

क) शिक्षक तथा कर्मचारी बैठक बसेर बनाउने गरेको छ ।

ख) व्यवस्थापन समितिको निर्णयबाट बनाइने गरेको छ ।

ग) बार्षिक योजना कार्यक्रम बनाउने गरेको छैन ।

घ) अन्य भएमा .............................................. ।

२. शिक्षकहरुको पाठ्य विषयवस्तु तथा कार्यभार कसरी निर्धारणँ गरिएको छ ?

क) प्रधानाध्यापकको स्वविवेकले,

ख) शिक्षक स्टाफको बैठकको निर्णयले,

ग) विद्यालय व्यवस्थापन समितिको निर्णयले,

घ) अन्य भएमा ....................................... ।

३. अधिकांश शैक्षिक सामग्रीको संग्रह कसरी गर्नु हुन्छ ?

क) बजारबाट खरिद गरिने गरेको,

ख) शिक्षक तथा विद्यार्थीबाट निर्माण हुने गरेको,

ग) दाताहरुबाट उपलब्ध हुने गरेको,

घ) अन्य भएमा .................................... ।

४. शिक्षक स्टाफ बैठक कहिले - कहिले बस्ने गर्दछ ?

क) नियमानुसार महिनाको कम्तीमा १ पटक,

ख) कुनै समस्या उत्पन्न भएको खण्डमा,

ग) शिक्षकको अनुरोधमा,

घ) अन्य भएमा ........................................।

५. प्रधानाध्यापकको हैसियतले काम गर्दा विद्यालय व्यवस्थापनको समितिको सहयोग कस्तो पाउनु भएको छ ?

क) प्रशस्त सहयोग हुने गरेको,

ख) आंशिक सहयोग हुने गरेको,

ग) बैठक बस्न नै गाह्रो,

घ) अन्य भएमा .............................. ।

**खुल्ला प्रश्न**

१. विद्यालयमा कार्यरत शिक्षक र कर्मचारी संख्याप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ?

२. शिक्षक, कर्मचारी नियमितततामा तपाई सन्तुष्ट हुनुहुन्छ ?

३. विद्यालयको भौतिक स्रोतका सम्बन्धमा तपाईंको धारणा के छ ?

अनुसूची - ५

## शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

प्रश्नावली

शिक्षकको नाम : विद्यालयको नाम :

अनुभव : ठेगाना :

तलका प्रश्नहरुको उत्तर दिई सहयोग पु¥याइ दिनुहुन शिक्षकज्यूहरुलाई अनुरोध गर्दछु ।

१. तपाइको विद्यालयमा कक्षा छोड्ने अवस्थाबाट हटाउन गरिएका प्रयास के कस्ताछन् ?

क) विशेष छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

ख) विद्यालयमा नियमित हुन विद्यार्थीलाई पुरस्कार को व्यवस्था गरिएको छ ।

ग) विद्यार्थीको घरमा नै गएर सम्पर्क राखिएको ।

घ) अन्य भएमा ................................................ ।

२. विद्यालयका समस्यालाई समाधान गर्न, शिक्षकहरुबाट दिएका राय सुझाबहरु लागूगर्न प्रध्यानाध्यापकबाट के कस्तो पहल भएको पाउनु हुन्छ ?

क) उहाँले पूर्ण लागू गर्नु भएको छ ।

ख) आर्शिक रुपमा लागू गर्नु भएको छ ।

ग) पटक्कै लागू गर्नु भएको छैन ।

घ) अन्य भएमा ......................................... ।

३. शिक्षा नियमावली २०४९ मा भएको शिक्षकको आचार संहिताको बारेमा तपाईलाई के कति जानकारी छ ?

क) पूर्ण जानकारी छ ,

ख) आंशिकमात्र जानकारी छ,

ग) हालसम्म उक्त नियमावली अध्ययन गरेको छैन,

घ) अन्य भएमा ....................................... ।

४. विद्यालय भवन भित्र पठनपाठनका अतिरिक्त सहक्रियाकलाप तथा अन्य कार्यक्रमहरुलाई व्यवस्थित रुपले सम्पन्न गर्न के कस्ता प्रयास गर्नु भएको छ ?

क) विद्यालय व्यवस्थापन समितिको निर्देशन अनुसार,

ख) अभिभावकको सुझाव अनुसार कार्य गरेर

ग) शिक्षक, विद्यार्थी, अभिभावकहरु बीच समय, समयमा अन्तरक्रिया कार्यक्रम गराएर,

घ) अन्य भएमा ........................................................... ।

५. तपाई शिक्षकको हैसियतले शिक्षा ऐन तथा नियमावली कतिको अध्ययन गर्नु हुन्छ ?

क) नियमित रुपमा अध्ययन गर्छु ,

ख) विद्यालय सम्बन्धी कामहरुमा निर्णय गर्नुपर्दा  अध्ययन गर्छु ,

ग) हाल सम्म अध्ययन गरेको छैन ,

घ) अन्य भए ................................................ ।

**खुल्ला प्रश्न**

१. तपाई विद्यालयमा नियमित उपस्थिति हुनुहुन्छ ?

२. शिक्षण सिकाइ प्रकृयामा तपाइलाई अभिभावकहरुबाट कस्तो सहयोग पाउनु हुन्छ ?

३. तपाईले शिक्षण गर्दा पाठ्यपुस्तक, शैक्षिक सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रम, दैनिक पाठयोजना जस्ता कुरा को के कति प्रयोग गर्नु हुन्छ ?

अनुसुची - ६

# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

प्रश्नावली

वि.व्य.स. अध्यक्षको नाम : विद्यालयको नाम :

अनुभव : ठेगाना :

तलका प्रश्नहरुको उत्तर दिई सहयोग पुऱ्याइ दिनुहुन वि.व्य.स.का अध्यक्षज्यूहरुलाई अनुरोध गर्दछु ।

१. विद्यालय व्यवस्थापन समितिको बैठक सामान्यतया कति को वस्ने गर्छ ,

क) प्रत्येक दुई महिनाको एकपटक बस्ने गर्छ ।

ख) समस्या उत्पन्न भएमा बस्ने गर्छ ।

ग) नियमित बैठक वसेपनि औपचारिक हुदैन ।

घ) अन्य भए ............................................ ।

२. विद्यालयको शैक्षिक, आर्थिक, भौतिक सुधार गर्नका लागि के गर्नुपर्ला ?

क) प्रधानाध्यापकले आफ्नो कृयाकलापमा सुधार ल्याउनु पर्छ ।

ग) अभिभावकले विद्यालय प्रति चासो देखाउनु पर्छ ।

घ) अन्यभए ............................................ ।

३) आर्थिक भौतिक स्रोतलाई सुदृढ बनाउन के कस्ता प्रयास गरिएका छन्

क) विद्यालय सँग विविध शुल्क लिएर,

ख) स्थानिय निकायसँग सहयोग लिएर ।

ग) गैर सरकारी संस्थासँग सहयोग लिएर ।

घ) अन्य भए ........................................ ।

४. विद्यालयको अभिलेख व्यवस्थापन पक्ष के कस्तो रहेको छ ?

क) व्यवस्थित रुपमा रहेको छ,

ख) सन्तोषजनक रुपमा छैन,

ग) भौतिक सामग्रीको अभाव भएकोले व्यवस्थित हुन सकेको छैन ।

घ) अन्य भए ........................................... ।

५. जिल्ला शिक्षा कार्यालयले दिएको निर्देशन र व्यवस्थापनको निर्णयलाई कार्यन्वयन गर्न गराउन के कस्तो समस्या देखिएको छ ?

क) खास समस्या छैन ।

ख) अभिभावकबाट सहयोग नभएको ।

ग) शिक्षकबाट सहयोग नभएको ।

घ) अन्य भएमा .................।

**खुल्ला प्रश्न**

१. विद्यालयको शिक्षण व्यवस्थालाई प्रभावकारी बनाउन तपाईले कस्तो भूमिका खेल्नु भएको छ ?

२. सामुदायिक विद्यालयको विद्यार्थी भर्ना अभियानमा तपाईले के कस्तो भूमिका रहेको छ ।

३. तपाइको विद्यालयमा कक्षाकोठा, विद्यालय भवन, डेक्स, बेन्च, खेलमैदान, खानेपानीको अवस्था के कस्तो छ ?

अनुसूची - ७

# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

विद्यालयको अवलोकन फारम

विद्यालयको नामः

ठेगाना : अवलोकन मिति :

१. विद्यालयमा हाल कार्यरत शिक्षकहरुको विवरण :

| क्र.सं. | शिक्षकको नाम, थर | लिङ्ग | नियुक्तिको किसिम | शैक्षिक योग्यता | तालिम | साप्ताहिक कार्यभार |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. विद्यार्थी विरण

| क.सं. | विद्यालय | कक्षा | विद्यार्थी संख्या | शैक्षिक योग्यता | सेक्सन संख्या | जम्मा विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. शिक्षक, कर्मचारी/विद्यार्थीको नियमितता

| विवरण | औसत संख्या | जम्मा संख्या |
|---|---|---|
| नियमित उपस्थित हुने | | |
| नियमित उपस्थित नहुने | | |

४. शिक्षक विद्यार्थी अनुपात

| क.सं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. विद्यार्थी भर्नाको प्रकृति

| क.सं. | कक्षा १-५ | नयाँ भर्ना | कक्षा दोहोऱ्याउने | कक्षा छोड्ने |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. अतिरिक्त क्रियाकलापको योजना

योजना बनाएको / नबनाइएको

संलग्नता शिक्षक / विद्यार्थी

कार्य विवरण

सरसफाई/हाजिरीजवाफ/फूटबल/बतृत्वकला/हिज्जे/कविता गोष्ठी/ नाटक/निवन्ध प्रतियोगिता अन्य खेलकुद ।

ख) भौतिक सुविधा

विद्यालय भवन संख्या

कक्षाकोठा संख्या

अफिसका लागि छुट्टाएको संख्या

विद्यालय भवनको अवस्था : पक्की /अर्धपक्की/कच्ची

विद्यालय भवनको अवस्था : आफ्नै /बहालमा/सार्वजानिक

झ्याल ढोकाको अवस्था : राम्रो /सामान्य /नराम्रो

प्रकास बत्तिको अवस्था : भएको /नभएको

कक्षाकोठाको व्यवस्थापन : उपयुक्त/सामान्य /अनुपयुक्त

अनुसूची - ८

# शैक्षणिक व्यवस्थापनमा शिक्षकको भूमिका

विद्यालय अवलोकन फारम

| | उत्तम | मध्यम | न्यून |
|---|---|---|---|
| १. विद्यालयमा विद्यार्थीको नियमितता | | | |
| २. शिक्षक अनुशासन | | | |
| ३. शिक्षकको नियमितता | | | |
| ४. शिक्षकमा विषयवस्तुको पोख्तता | | | |
| ५. विद्यालयमा शैक्षिक सामग्रीको प्रयोग | | | |
| ६. विद्यालयमा आर्थिक स्रोत उपलब्धता | | | |
| ७. आर्थिक स्रोत जुटाउने कार्यमा वि.व्य.स. सक्रियता | | | |
| ८. आर्थिक स्रोत जुटाउनेकार्यमा वि.व्य.स.सक्रियता | | | |
| ९. विद्यालयमा शिक्षक विद्यार्थीको सम्बन्ध | | | |
| १०. विद्यालयमा शिक्षक समुदायको सम्बन्ध | | | |
| ११. विद्यालय व्य.स.को निर्णय कार्यनयन | | | |
| १२. शिक्षक स्टाफ वैठकको निर्णय कार्यन्वयन | | | |
| १३. विद्यालयको आर्थिक स्रोत उपयोग | | | |
| १४. विद्यालयमा भौतिक साधनको उपलब्धता | | | |
| १५. पाठ्योजनाको निर्माण र प्रयोग | | | |
| १६. विद्यालय समुदाय सम्बन्ध सुधारमा वि.व्य.स.को भूमिका | | | |